# एकीकृत विद्यालय सुधार योजना
## (२०८२/८३-२०८६/८७)

(मस्यौदा दस्तावेज)




# गण्डकी गाउँपालिका

भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०८२

# विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| परिच्छेद १: गाउँपालिकाको परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ जनसंख्या | २ |
| १.३ जातजाति अनुसार जनसंख्या | ४ |
| १.४ अपांगता भएका जनसंख्या | ५ |
| १.५ गाउँपालिकामा गरिबीको अवस्था | ५ |
| १.६ सम्पतिमा महिला स्वामित्व | ७ |
| परिच्छेद २: गाउँपालिकाको साक्षरता दर र विद्यालय सम्वन्धी जानकारी | ९ |
| २.१ साक्षरता दर | ९ |
| २.२ विद्यालय संख्या र तह | १३ |
| परिच्छेद ३: एकीकृत विद्यालय सुधार योजना | १४ |
| ३.१ पृष्ठभूमि | १४ |
| ३.२ ऐतिहासिक पृष्ठभूमि | १४ |
| ३.३ योजना तयारीको औचित्य | १५ |
| ३.४ योजना तर्जुमाको उद्देश्य | १५ |
| ३.५ योजना तर्जुमा विधि | १६ |
| परिच्छेद ४: गाउँपालिका भित्रका विद्यालयहरुको वर्तमान अवस्था | १७ |
| ४.१ पृष्ठभूमि | १७ |
| ४.२ विद्यालयहरुको भौतिक अवस्था | १७ |
| ४.३ विद्यार्थी संख्या | १८ |
| ४.४ सामाजिक तथा आर्थिक अवस्था | २० |

| | |
|---|---|
| ४.५ दलित छात्रवृत्ति | २२ |
| ४.६ स्रोत विद्यालयको आवश्यकता | २२ |
| ४.७ शिक्षाको आवश्यकता र महत्वबारे अभिभावकको कम चासो | २३ |
| ४.८ विषयगत र तहगत शिक्षक नहुनु | २३ |
| ४.९ अभिभावक शिक्षक अन्तर्कृयाको अभाव | २४ |
| ४.१० गाउँपालिकाबाट अनुगमन बढाउनु पर्ने | २४ |
| ४.११ विद्यालय मसलन्द सञ्चालन बजेट अभाव | २४ |
| ४.१२ बालबिबाहः एक समस्या | २४ |
| ४.१३ प्रविधिको उपयोगमा देखिएको समस्या | २५ |
| ४.१४ जनशक्ति अभावले विद्यालय वन्द हुने अवस्था | २५ |
| ४.१५ बाँदर लगायत अन्य जंगली जनावर | २५ |
| ४.१६ बाल मैत्री शिक्षण अभ्यास | २५ |
| ४.१७ नमूना अभ्यास | २६ |
| परिच्छेद ५ः एकीकृत विद्यालय सुधार योजना | २७ |
| ५.१ पृष्ठभूमि | २७ |
| ५.२ समस्या तथा चुनौती | २७ |
| ५.३ सम्भावना तथा अवसर | २९ |
| ५.४ समस्या र समाधान | ३० |
| ५.५ सोच | ३० |
| ५.६ लक्ष्य | ३० |
| ५.७ रणनीति तथा कार्यनीति | ३० |
| ५.६ प्रमुख कार्यक्रमहरु | ३९ |
| ५.७ अपेक्षित उपलब्धी | ४० |
| अनुसूचीहरु | ४४ |

# तालिका सूची


| तालिका | पेज नं. |
|---|---|
| तालिका १: गण्डकी गाउँपालिकाको वडागत क्षेत्रफल | २ |
| तालिका २: गण्डकी गाउँपालिकाको वडागत जनसंख्या | २ |
| तालिका ३ : गण्डकी गाउँपालिकाको उमेरसमूह अनुसारको जनसंख्या | ३ |
| तालिका ४: जातजाति अनुसारको जनसंख्या | ३ |
| तालिका ५: अपांगता अनुसारको जनसंख्या | ५ |
| तालिका ६: घरधुरीको सम्पत्तिको आधारमा वर्गीकरण | ६ |
| तालिका ७: सम्पतिमा महिला स्वामित्व | ७ |
| तालिका ८: वडागत साक्षरता दर | ९ |
| तालिका ९: वयस्क साक्षरता दर | १० |
| तालिका १०: युवा साक्षरता दर | ११ |
| तालिका ११: बाल (५-१७ वर्ष उमेर समूह) साक्षरता दर | १२ |
| तालिका १२: वडागत विद्यालय तथा विद्यार्थी संख्या | १२ |
| तालिका १३: पढाई हुने तह अनुसार विद्यालय संख्या | १३ |
| तालिका १४: जनगणना २०७८ र २०६८ अनुसार वडागत जनसंख्या | १८ |

## परिच्छेद एक

# गाउँपालिकाको परिचय

## १.१ पृष्ठभूमि

गण्डकी गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत पर्ने गोर्खा जिल्लाका ११ स्थानीय तह (दुई नगरपालिका र नौ गाउँपालिका) मध्येको एक गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा धादिङ जिल्लाको ज्वालामूखी गाउँपालिका तथा सिद्धलेक गाउँपालिका पर्दछ भने पश्चिममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका पर्दछ । त्यस्तै, गण्डकी गाउँपालिकाको दक्षिणमा धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिका र उत्तरमा गोरखा जिल्लाको शहिद लखन गाउँपालिका अवस्थित छन् । साविकको फुजेल, दर्बुङ, भूम्लिचोक, घ्याल्चोक, ताङ्लीचोक र मकैसिङ गाउँ विकास समितलाई समावेश गरी बनाइएको यस गाउँपालिकाको क्षेत्रफल १२३.९४ वर्ग किलोमिटर रहेको छ भने हालको प्रशासनिक संरचनामा ८ वडा रहेका छन् । क्षेत्रफलको आधारमा वडा ५, वडा ६ र वडा दुई ठूला रहेका छन् भने वडा नं. ३ र ४ साना वडा रहेका छन् ।



*तालिका १: गण्डकी गाउँपालिकाको वडागत क्षेत्रफल*

| *वडा* | *साविक गा.वि.सं.* | *क्षेत्रफल* | *क्षेत्रफल हिस्सा (प्रतिशत)* |
|---|---|---|---|
| १ | मकैसिङ | १०.९० | ८.७९ |
| २ | ताङ्लीचोक | २०.०० | १६.१४ |
| ३ | फुजेल | ७.०९ | ५.७२ |
| ४ | फुजेल | ७.३५ | ५.९३ |
| ५ | दर्भुङ | २३.०० | १८.५६ |
| ६ | भूम्लिचोक | २१.५० | १७.३५ |
| ७ | घ्याल्चोक | १८.६० | १५.०१ |
| ८ | घ्याल्चोक | १५.५० | १२.५१ |
| *जम्मा* | | १२३.९४ | १००.०० |

स्रोतः गण्डकी गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण जनगणना २०७८

## १.२ जनसंख्या

जनगणना २०७८ का अनुसार गण्डकी गाउँपालिकामा कुल घरधुरी ५६५९ रहेको छ जसमा ४ हजार २०७ पुरुष घरमूली र १ हजार ४५२ महिला घरमूली रहेका छन् । गाउँपालिकाको कुल जनसंख्या २१ हजार ३९४ रहेको छ जसमा महिला जनसंख्या ११ हजार १०५ (५१.९ प्रतिशत) र पुरुष जनसंख्या १० हजार २८९ (४८.१ प्रतिशत) रहेको छ। यस आधारमा गाउँपालिकाको लैङ्गिक अनुपात ९२.६५ हुन आउँछ । तालिका २ मा वडागत जनसंख्या प्रस्तुत गरिएको छ। गाउँपालिकाका ८ वडा मध्ये वडा नं. ६ मा सबैभन्दा धैरे जनसंख्या अर्थात गाउँपालिकाको कुल जनसंख्याको १६.७ प्रतिशत र सबैभन्दा कम जनसंख्या रहेको वडा नं. ३ मा गाउँपालिकाको कुल जनसंख्याको ७.५ प्रतिशत रहेको छ।

*तालिका २: गण्डकी गाउँपालिकाको वडागत जनसंख्या*

| *वडा* | *घरधुरी* | *पुरुष* | *महिला* | *जम्मा* | *जनसंख्या हिस्सा* |
|---|---|---|---|---|---|
| १ | ९०७ | ११५५ | ११६४ | २३१९ | १०.८ |
| २ | ८०२ | १४८८ | १६३८ | ३१२६ | १४.६ |
| ३ | ६०२ | ७४४ | ८७१ | १६१५ | ७.५ |
| ४ | ६०२ | ९०९ | १०८५ | १९९४ | ९.३ |
| ५ | ७६३ | १२५८ | १४१७ | २६७५ | १२.५ |
| ६ | ६८५ | १७४८ | १८२५ | ३५७३ | १६.७ |
| ७ | ५७१ | १४१० | १३९३ | २८०३ | १३.१ |
| ८ | ७२७ | १५७७ | १७१२ | ३२८९ | १५.४ |
| *जम्मा* | ५६५९ | १०२८९ | १११०५ | २१३९४ | १००.० |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

उमेर समूह अनुसार विश्लेषण गर्दा १५ वर्षभन्दा कम उमेरका बालबालिकाको जनसंख्या ४ हजार ६ सय ८४ अर्थात कुल जनसंख्याको झण्डै २२ प्रतिशत रहेको छ भने १५ देखि ४० वर्ष उमेर समूहको जनसंख्या ३८ प्रतिशत रहेको देखिन्छ। यस आधारमा गाउँपालिकामा ४० वर्ष भन्दा कम उमेरका जनसंख्याको हिस्सा झण्डै ६० प्रतिशत रहेको र गाउँपालिकाकालाई युवा बाहुल्य गाउँपालिका भन्न सकिन्छ।

***तालिका ३ : गण्डकी गाउँपालिकाको उमेरसमूह अनुसारको जनसंख्या***

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५+ | १५ | १९ | ३४ |
| ९०-९४ | २७ | ४३ | ७० |
| ८५-८९ | ७२ | ७१ | १४३ |
| ८०-८४ | १४८ | १४५ | २९३ |
| ७५-७९ | २४६ | २८४ | ५३० |
| ७०-७४ | ३२९ | ३६४ | ६९३ |
| ६५-६९ | ४४३ | ४७२ | ९१५ |
| ६०-६४ | ५५१ | ५०१ | १०५२ |
| ५५-५९ | ५४० | ५४४ | १०८४ |
| ५०-५४ | ६२८ | ६७७ | १३०५ |
| ४५-४९ | ५०८ | ६६१ | ११६९ |
| ४०-४४ | ५७० | ७१९ | १२८९ |
| ३५-३९ | ५३९ | ६९३ | १२३२ |
| ३०-३४ | ६३२ | ६६८ | १३०० |
| २५-२९ | ७६३ | ८५६ | १६१९ |
| २०-२४ | ८८६ | ९८६ | १८७२ |
| १५-१९ | १०१७ | १०९३ | २११० |
| १०-१४ | ८९६ | ८९८ | १७९४ |
| ५-९ | ७७४ | ७२३ | १४९७ |
| ००-०४ | ७०५ | ६८८ | १३९३ |

| जम्मा | १०२८९ | १११०५ | २१३९४ |
|---|---|---|---|

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.३ जातजाति अनुसार जनसंख्या

जनगणना २०७८ का अनुसार गण्डकी गाउँपालिकामा मुख्य गरी १८ जातजातिको बसोबास रहेको देखिन्छ । त्यसमध्ये मगरको जनसंख्या सबैभन्दा धेरै अर्थात कुल जनसंख्याको १८.८८ प्रतिशत र त्यसपछि क्रमशः चेपाङ/प्रजाको १६.९४ प्रतिशत, ब्राम्हण १५.६१ प्रतिशत, नेवार १२.२७ प्रतिशत, गुरुङ १२.२५ रहेको छ ।

***तालिका ४: जातजाति अनुसारको जनसंख्या***

| जातजाति | पुरुष | महिला | जम्मा | जनसंख्या हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| मगर | १९४८ | २०९२ | ४०४० | १८.८८ |
| चेपाङ/प्रजा | १८२० | १८०४ | ३६२४ | १६.९४ |
| ब्राम्हण | १६२६ | १७१३ | ३३३९ | १५.६१ |
| नेवार | १२२८ | १३९८ | २६२६ | १२.२७ |
| गुरुङ | १२१४ | १४०६ | २६२० | १२.२५ |
| मिजार | ६४५ | ७३४ | १३७९ | ६.४५ |
| क्षेत्री | ५२५ | ५३५ | १०६० | ४.९५ |
| विश्वकर्मा | ४९९ | ५३० | १०२९ | ४.८१ |
| परियार | २७९ | ३५९ | ६३८ | २.९८ |
| बराम/बरामु | १३४ | १४२ | २७६ | १.२९ |
| माझी | १२५ | १३५ | २६० | १.२२ |
| घर्ती/भूजेल | ८१ | ९६ | १७७ | ०.८३ |
| मुशलमान | ५६ | ६३ | ११९ | ०.५६ |
| कुमाल | ४७ | ३८ | ८५ | ०.४० |
| सन्याशी/ दशनामी | १६ | १६ | ३२ | ०.१५ |
| तामाङ | १४ | १६ | ३० | ०.१४ |
| राई | ८ | १० | १८ | ०.०८ |
| ठकुरी | ६ | ६ | १२ | ०.०६ |
| अन्य | १८ | १२ | ३० | ०.१४ |
| जम्मा | १०२८९ | १११०५ | २१३९४ | १०० |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.४ अपांगता भएका जनसंख्या

जनगणना २०७८ अनुसार गण्डकी गाउँपालिकामा कुन ६०२ जना बिभिन्न प्रकारका अपांगता भएका व्यक्तिहरु रहेका छन् । जस मध्ये सबैभन्दा धेरै शारिरिक अपांगता भएका छन् भने त्यसपछि क्रमशः कमजोर दृष्टि, कान नसुन्ने, कम कान सुन्ने, अन्धोपन भएका लगायतका रहेका छन् ।

***तालिका ५: अपांगता अनुसारको जनसंख्या***

| अपांगताको किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| शारिरिक अपांगता | ८१ | ११५ | १९६ |
| कमजोर दृष्टि | ५० | ४० | ९० |
| अन्धोपन | १२ | १४ | २६ |
| कान नसुन्ने | ४४ | ३४ | ७८ |
| मनो-सामाजिक असक्षमता | १८ | २३ | ४१ |
| कम सुन्ने | ३४ | ३१ | ६५ |
| सुन्न र देख्न नसक्ने | ४ | ९ | १३ |
| बोल्न नसक्ने | १५ | १५ | ३० |
| वौद्धिक अपांगता | ३ | ७ | १० |
| अटिज्म | ५ | २ | ७ |
| बहुअपांगता | १३ | ३३ | ४६ |
| जम्मा | २७९ | ३२३ | ६०२ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.५ गाउँपालिकामा गरिबीको अवस्था

गण्डकी गाउँपालिकामा गरिबीको दर उच्च रहेको देखिन्छ । यहाँको कुल ५६५९ घरधुरी मध्ये ८५६ घरधुरी (१५.१ प्रतिशत) अति गरिब तथा १४९९ घरधुरी (२६.५ प्रतिशत) गरीब घरधुरी रहेका छन् । यस आधारमा गण्डकी गाउँपालिकाको गरिबीको दर ४१.६ प्रतिशत हुन आउँछ ।


वडागतरुपमा विश्लेषण गर्दा वडा ६ मा ६२.६ प्रतिशत, वडा ५ मा ५६.६ प्रतिशत, वडा ४ मा ५०.३ प्रतिशत, वडा ३ मा ४०.२ प्रतिशत, वडा २ मा ३९.८ प्रतिशत गरिबी देखिन्छ । बाँकी वडाहरुमा गरिबीको दर तुलनात्मकरुपमा न्यून रहेको छ ।

गरिबी र शिक्षामा पहुँच बीच विपरित सम्वन्ध हुने हुँदा शिक्षाको विकासको लागि गरिबीबाट मुक्ति पहिलो शर्त हुने देखिन्छ ।


***तालिका ६: घरधुरीको सम्पत्तिको आधारमा वर्गीकरण***

| वडा | घरधुरी | सम्पत्तिको आधारमा बर्गीकरण (संख्या) | | | | | सम्पत्तिको आधारमा बर्गीकरण (प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति गरीब | गरीब | मध्यमस्तर | सम्पन्न | अति सम्पन्न | अति गरीब | गरीब | मध्यमस्तर | सम्पन्न | अति सम्पन्न |
| १ | ६२० | १२० | ९६ | २६३ | ९६ | ४५ | १९.४ | १५.५ | ४२.४ | १५.५ | ७.३ |
| २ | ८१५ | ११६ | २०९ | ३६५ | १०६ | १९ | १४.२ | २५.६ | ४४.८ | १३.० | २.३ |
| ३ | ५२९ | ७० | १४३ | २०५ | ९२ | १९ | १३.२ | २७.० | ३८.८ | १७.४ | ३.६ |
| ४ | ६०४ | ९३ | २११ | २३० | ६१ | ९ | १५.४ | ३४.९ | ३८.१ | १०.१ | १.५ |
| ५ | ७६७ | १४२ | २९४ | २७७ | ४३ | ११ | १८.५ | ३८.३ | ३६.१ | ५.६ | १.४ |
| ६ | ७९७ | २०१ | २९८ | २१७ | ७१ | १० | २५.२ | ३७.४ | २७.२ | ८.९ | १.३ |
| ७ | ६७४ | ७० | ९३ | १६३ | २४० | १०८ | १०.४ | १३.८ | २४.२ | ३५.६ | १६.० |
| ८ | ८५३ | ४४ | १५५ | ३०९ | २८५ | ६० | ५.२ | १८.२ | ३६.२ | ३३.४ | ७.० |
| जम्मा | ५६५९ | ८५६ | १४९९ | २०२९ | ९९४ | २८१ | १५.१ | २६.५ | ३५.९ | १७.६ | ५.० |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८



गाउँपालिकामा वडागत गरिबी उच्च छ। अति गरिब र गरिब गरीब गरी गाउँपालिकाको औषत गरिबी ४१.६ प्रतिशत रहेकोमा वडागतरुपमा सबैभन्दा उच्च वडा ६ मा (६२.६ प्रतिशत) रहेको छ भने सबैभन्दा कम वडा ८ र वडा ७ मा क्रमशः २३.४ प्रतिशत र २४.२ प्रतिशत रहेको छ।




## १.६ सम्पतिमा महिला स्वामित्व

घरजग्गामा महिला स्वामित्वको आधारमा हेर्दा गण्डकी गाउँपालिकामा ज्यादै न्यून संख्यामा मात्र सम्पत्तिमा महिला स्वामित्व रहेको देखिन्छ। कुल ९४७ घरपरिवार अर्थात १६.७ प्रतिशत परिवारमा जग्गा तथा घरमा महिला स्वामित्व रहेको छ भने ४५१५ घरपरिवारका महिलाको जग्गा तथा घरमा स्वामित्व छैन्।

***तालिका ७: सम्पतिमा महिला स्वामित्व***

| वडा | घरधुरी | संख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | जग्गा र घरमा महिला स्वामित्व | जग्गा र घरमा महिला स्वामित्व नभएको | उल्लेख नभएको | जग्गा र घरमा महिला स्वामित्व | जग्गा र घरमा महिला स्वामित्व नभएको | उल्लेख नभएको |
| १ | ६२० | १०७ | ४७८ | ३५ | १७.३ | ७७.१ | ५.७ |
| २ | ८१५ | १३३ | ६८१ | १ | १६.३ | ८३.६ | ०.१ |
| ३ | ५२९ | १८१ | ३२९ | १९ | ३४.२ | ६२.२ | ३.६ |
| ४ | ६०४ | १२० | ४७२ | १२ | १९.९ | ७८.२ | २.० |
| ५ | ७६७ | १४३ | ५७८ | ४६ | १८.६ | ७५.४ | ६.० |
| ६ | ७९७ | ५३ | ६८७ | ५७ | ६.७ | ८६.२ | ७.२ |
| ७ | ६७४ | ९७ | ५७० | ७ | १४.४ | ८४.६ | १.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ८५३ | ११३ | ७२० | २० | १३.३ | ८४.४ | २.३ |
| जम्मा | ५६५९ | ९४७ | ४५१५ | १९७ | १६.७ | ७९.८ | ३.५ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

# परिच्छेद २

# गाउँपालिकाको साक्षरता दर र विद्यालय सम्वन्धी जानकारी


## २.१ साक्षरता दर

जनगणना २०७८ का अनुसार गण्डकी गाउँपालिकाको साक्षरता दर ७२.१ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता दर ७९.३ प्रतिशत र महिला साक्षरता दर ६५.३ प्रतिशत रहेको छ। वडागत साक्षरता दर हेर्दा वडा ३ र वडा ५ को साक्षरता दर सबैभन्दा कम दुबैको ६१.७ प्रतिशत रहेको छ भने सबैभन्दा बढी वडा ८ को ७७.१ प्रतिशत रहेको छ। गाउँपालिकाका झण्डै २८ प्रतिशत जनसंख्या निरक्षर हुनु गाउँपालिकाको शिक्षाको विकासको लागि चुनौती देखिन्छ।

***तालिका ८: वडागत साक्षरता दर***

| वडा | जनसंख्या | साक्षरता दर (प्रतिशत) |
|---|---:|---:|
| १ | २३१९ | ७६.२ |
| २ | ३१२६ | ७६.९ |
| ३ | १६१५ | ६१.७ |
| ४ | १९९४ | ६७.४ |
| ५ | २६७५ | ६१.७ |
| ६ | ३५७३ | ७१.८ |
| ७ | २८०३ | ७६.८ |
| ८ | ३२८९ | ७७.१ |
| जम्मा | २१३९४ | ७२.२१ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८




### २.१.१ वयस्क साक्षरता दर

गण्डकी गाउँपालिकाको वयस्क ( १५ वर्ष भन्दा माथीको उमेर समूह) साक्षरता दर ६७.२ प्रतिशत रहेको छ जसमा महिला साक्षरता ५९.५ प्रतिशत र पुरुष साक्षरता दर ७५.७ प्रतिशत रहेको छ । यस आधारमा ४० प्रतिशत भन्दा बढी महिला निरक्षर देखिन्छन् ।

वडागत रुपमा हेर्दा सबैभन्दा कम साक्षरता वडा ५ मा (५५.२ प्रतिशत), वडा ३ मा (५६.२ प्रतिशत) रहेको छ भने महिला साक्षरता सबैभन्दा कम वडा ३ मा ४५.६ प्रतिशत र वडा ५ मा ५०.० प्रतिशत रहेको देखिन्छ । यी वडाहरुमा पुरुष साक्षरता दर पनि न्यून रहेको छ ।

***तालिका ९: वयस्क साक्षरता दर***

| वडा | १५ वर्ष माथिको जनसंख्या | | | १५ वर्षमाथिका साक्षर जनसंख्या | | | १५ वर्ष माथिको साक्षरता दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | १७६७ | ८६७ | ९०० | १२७१ | ६८५ | ५८६ | ७१.९ | ७९.० | ६५.१ |
| २ | २४७३ | ११६८ | १३०५ | १८२७ | ९६१ | ८६६ | ७३.९ | ८२.३ | ६६.४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १३३० | ५८८ | ७४२ | ७४८ | ४१० | ३३८ | ५६.२ | ६९.७ | ४५.६ |
| ४ | १५४५ | ६७८ | ८६७ | ९४६ | ४७९ | ४६७ | ६१.२ | ७०.७ | ५३.९ |
| ५ | २०८८ | ९५२ | ११३६ | ११५३ | ५८५ | ५६८ | ५५.२ | ६१.५ | ५०.० |
| ६ | २७१९ | १३३२ | १३८७ | १७८९ | ९६६ | ८२३ | ६५.८ | ७२.५ | ५९.३ |
| ७ | २२३८ | ११३१ | ११०७ | १६३८ | ९२१ | ७१७ | ७३.२ | ८१.४ | ६४.८ |
| ८ | २५५० | ११९८ | १३५२ | १८५३ | ९८१ | ८७२ | ७२.७ | ८१.९ | ६४.५ |
| जम्मा | १६७१० | ७९१४ | ८७९६ | ११२२५ | ५९८८ | ५२३७ | ६७.२ | ७५.७ | ५९.५ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

### २.१.२ युवा साक्षरता दर

गण्डकी गाउँपालिकाको युवा (१५-२४ वर्ष उमेर समूह) साक्षरता दर ९८.७ प्रतिशत रहेको छ जसमा महिला साक्षरता दर ९८.८ प्रतिशत र पुरुष साक्षरता दर ९८.६ प्रतिशत रहेको छ। यस आधारमा युवा साक्षरता दर सन्तोषजनक देखिन्छ तर यसलाई शत्प्रतिशत पुऱ्याउनु आवश्यक छ।

***तालिका १०: युवा साक्षरता दर***

| वडा | १५-२४ उमेर समूहको कुल जनसंख्या | | | १५-२४ उमेर समूहको कुल जनसंख्या | | | १५-२४ उमेर समूहको कुल जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | ४१९ | २१२ | २०७ | ४०४ | २०३ | २०१ | ९६.४ | ९५.८ | ९७.१ |
| २ | ५६८ | २७५ | २९३ | ५५८ | २७० | २८८ | ९८.२ | ९८.२ | ९८.३ |
| ३ | १७२ | ६४ | १०८ | १७१ | ६४ | १०७ | ९९.४ | १००.० | ९९.१ |
| ४ | ३०१ | १४३ | १५८ | २९८ | १४३ | १५५ | ९९.० | १००.० | ९८.१ |
| ५ | ४४० | २०१ | २३९ | ४३६ | १९८ | २३८ | ९९.१ | ९८.५ | ९९.६ |
| ६ | ८८० | ४२१ | ४५९ | ८७३ | ४२० | ४५३ | ९९.२ | ९९.८ | ९८.७ |
| ७ | ५८१ | २९३ | २८८ | ५७४ | २८७ | २८७ | ९८.८ | ९८.० | ९९.७ |
| ८ | ६२१ | २९४ | ३२७ | ६१६ | २९१ | ३२५ | ९९.२ | ९९.० | ९९.४ |
| जम्मा | ३९८२ | १९०३ | २०७९ | ३९३० | १८७६ | २०५४ | ९८.७ | ९८.६ | ९८.८ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

### २.१.३ बाल साक्षरता

गण्डकी गाउँपालिकामा ५ देखि १७ वर्ष उमेर समूहका कुल ४५४२ बालबालिका रहेकामा ६३ बालबालिका लेख्न पढ्न नसक्ने रहेका छन्। यस उमेर समूहको साक्षरता दर ९७.५ प्रतिशत रहेको छ।

*तालिका ११: बाल (५-१७ वर्ष उमेर समूह) साक्षरता दर*

| जम्मा | ५ देखि १७ वर्षका बालबालिका | | | साक्षरता अवस्था उल्लेख नभएको | साक्षरता दर ( प्रतिशत) |
|---|---|---|---|---|---|
| | लेख्न पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेख्न पढ्न नसक्ने | | |
| | | | | | |
| ४५४२ | ४४२९ | ४२ | ६३ | ८ | ९७.५ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

### २.१.४ वडागत विद्यालय संख्या तथा अध्यनरत बालबालिका

गण्डकी गाउँपालिकामा हाल ४० विद्यालय सञ्चालनमा रहेका छन् । यी मध्ये वडा २ मा ८ वटा, वडा ५ मा ७ वटा, वडा ६ र ८ मा ६/६ वटा, वडा १ मा ४ वटा, वडा ७ मा पाँच वटा र वडा ३ र ४ मा समान २/२ वटा विद्यालय रहेका छन् ।

शैक्षिक वर्ष २०८२/८३ मा गण्डकी गाउँपालिकाका ४० विद्यालयमा कुल ३३४८ विद्यार्थी अध्यनरत छन् । यी विद्यार्थीहरु मध्ये छात्राहरु १६८७ र छात्र संख्या १६६१ रहेको छ । वडागत आधारमा वडा ६ मा सबैभन्दा धेरै अर्थात ८१९ विद्यार्थी रहेका छन् भने सबैभन्दा कम वडा ३ मा २०३ विद्यार्थी रहेका छन् ।

*तालिका १२: वडागत विद्यालय तथा विद्यार्थी संख्या २०८२*

| वडा नं | विद्यालय संख्या | छात्रा विद्यार्थी संख्या | छात्र विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | ४ | २१३ | २१४ | ४२७ |
| २ | ८ | २०५ | १८० | ३८५ |
| ३ | २ | ११३ | १३० | २४३ |
| ४ | २ | १०१ | १०२ | २०३ |
| ५ | ७ | २२१ | २०२ | ४२३ |
| ६ | ६ | ४३२ | ३८७ | ८१९ |
| ७ | ५ | २२५ | २३६ | ४६१ |
| ८ | ६ | १७७ | २१० | ३८७ |
| जम्मा | ४० | १६८७ | १६६१ | ३३४८ |

### २.१.५ विद्यालयमा कार्यरत शिक्षक संख्या

गण्डकी गाउँपालिकाका ४० विद्यालयमा १७९ पुरुष शिक्षक र १७३ महिला शिक्षक गरी कुल ३५२ शिक्षक कार्यरत छन् (अनुसूची १) । यस तथ्यांकको आधारमा समग्रमा गणना गर्दा एक शिक्षक बराबर झण्डै १० विद्यार्थी हुन आउँछ ।

## २.२ विद्यालय संख्या र तह

गण्डकी गाउँपालिकामा कुल ४० विद्यालयहरु रहेकामा १२ कक्षा सम्म पढाई हुने ६ विद्यालय, १० कक्षा सम्म पढाई हुने ५ विद्यालय, ८ कक्षा सम्म पढाई हुने ६ विद्यालय, ५ कक्षा सम्म पढाई हुने १३ विद्यालय, ३ कक्षा सम्म पढाई हुने ७ र विद्यालय र इसीडी मात्र पढाइ हुने ३ विद्यालय रहेका छन् ।

गाउँपालिकामा १२ कक्षा सम्म पढाई हुने विद्यालयहरुमा विजया भवानी मा.वि. (वडा १), भैरवाश्रम मा.वि. (वडा ३), भगवती मा.वि. र रत्नेश्वर मा.वि. (वडा ५), भद्रकाली मा.वि. वडा ६ र ज्ञानमार्ग मा.वि. वडा ७ रहेका छन् । तहगत रुपमा विद्यालय सम्वन्धी जानकारी अनुसूचीमा २ मा उल्लेख गरिएको छ ।

***तालिका १३: पढाई हुने तह अनुसार विद्यालय संख्या***

| क्र.सं. | पढाई हुने तह | विद्यालय संख्या |
|---|---|---|
| १ | इसीडी | ३ |
| २ | कक्षा ३ सम्म | ७ |
| ३ | कक्षा ५ सम्म | १३ |
| ४ | कक्षा ८ सम्म | ६ |
| ५ | कक्षा १० सम्म | ५ |
| ६ | कक्षा १२ सम्म | ६ |
| जम्मा | | ४० |

# परिच्छेद ३

# एकीकृत विद्यालय सुधार योजना

## ३.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ तथा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने उल्लेख छ । यसका अतिरिक्त अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने लगायतका अन्य अधिकारहरु संविधान प्रदत्त रहेका छन् । संविधान प्रदत्त हकको कार्यान्वयन गर्नका लागि बाल अधिकारसम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ एवम् नियमावली २०७७, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ एवम् नियमावली २०७७ लगायतको कानुनी प्रबन्ध भएको छ ।

## ३.२ ऐतिहासिक पृष्ठभूमि

नेपालमा विद्यालय सुधार योजनाको ऐतिहासिक सन्दर्भ वि.सं. २०५७ सालमा जारी गरिएको शिक्षा ऐन, २०२८ को सातौँ संशोधनबाट कानुनीरूपमा विकेन्द्रिकृत शैक्षिक व्यवस्थापनको अभ्यास प्रारम्भ भएको तथ्यलाई लिन सकिन्छ । यसै व्यवस्थाको कार्यान्वयन स्वरूप २०५८ सालदेखि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम अन्तरगत सबै विद्यालयहरूले मूलतः शिक्षण सिकाइ सुधार प्रयोजनका लागि विद्यालय सुधार योजना निर्माण गर्ने र त्यसका आधारमा विद्यालयको सम्पूर्ण गतिविधिहरू सञ्चालन गर्ने अभ्यास सुचारू गरियो । त्यसैगरी गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रका बालबालिकाहरूको शिक्षामा पहुँच विस्तार गर्ने प्रयोजनका लागि गाउँ/नगर शिक्षा योजना निर्माण गर्ने व्यवस्था लागु गरियो । यी दुवै प्रकारका योजनाहरूका आधारमा जिल्ला तहमा आवधिक/दीर्घकालीन योजनाका रूपमा जिल्ला शिक्षा योजना तयार गर्ने र त्यसलाई आधार मानी राष्ट्रियस्तरमा वार्षिक शिक्षा योजना तथा कार्यक्रम स्वीकृत गर्ने अभ्यास प्रचलनमा ल्याइयो । यस्तो अभ्यासलाई व्यावहारिकरूपमा स्थापित गर्ने प्रयास स्वरूप आ.व. २०५८ देखि सबै विद्यालयहरूले विद्यालय सुधार योजनामा आधारित अनुदान कार्यक्रम लागू गरिएको थियो ।

## ३.३ योजना तयारीको औचित्य

हाल विद्यालय शिक्षाको व्यवस्थापनको मूल जिम्मेवारी स्थानीय तहमा रहेको छ । विद्यालय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्न, गुणस्तर अभिवृद्धि गर्न एवम् संस्थागत क्षमता अभिवृद्धि गर्न नेपाल सरकार, प्रदेश सरकार र विशेषतः स्थानीय तहले शिक्षा क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् । यस सन्दर्भमा गण्डकी गाउँपालिका भित्र रहेका विद्यालयहरुको सर्वेक्षण गरी एकीकृत विद्यालय सुधार प्रतिवेदन तयार गरिएको छ ।

विद्यालय सुधार योजना गणुस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक र समावेशी पहँचु सनिश्चित गर्ने नेपालको दीर्घकालीन रणनीतिक योजना हो । यो योजना मुलुकमा सङ्घीय शासन प्रणाली प्रारम्भ भएपश्चात् सङ्घीयता अनुकूल हुने गरी विकास गरिएको शिक्षा क्षेत्रको पहिलो योजना पनि हो । यस योजना तयार गर्दा गण्डकी गाउँपालिकाका आठ वटै वडामा गई त्यहाँका वडा अध्यक्ष लगायत अन्य जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु, विद्यालयका प्रधानाध्यापक, अभिभावक तथा समाजका प्रतिष्ठित महानुभावहरुसँग छलफल तथा अन्तर्कृया गरिएको थियो । यस्ता छलफल तथा अन्तर्कृया कार्यक्रमबाट प्राप्त सल्लाह, सुझाव तथा परामर्शका आधारमा यस योजना तयार गरिएको छ ।

कुनै पनि देशको सुशासन, सामाजिक न्याय, विकास र समृद्धिको आधार शिक्षा हो । समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनसुार सक्रिय जीवन बिताउन प्रत्येक नागरिकलाई आवश्यक पर्ने ज्ञान, सिप र क्षमता विकासका लागि सबल र सक्षम शिक्षा प्रणालीको आवश्यक पर्छ । साथै नागरिकलाई राष्ट्रिय जीवनका हरेक गतिविधिमा सक्रिय रही देशको समग्र विकास र समृद्धिका लागि आफ्नो तर्फबाट योगदान पुऱ्याउन सकारात्मक सोच, नैतिक मूल्य मान्यतासहितको सिर्जनशील र समालोचनात्मक चिन्तनको विकास गर्नुपर्ने हुन्छ । यसका लागि विद्यालय क्षेत्र सुधार योजनाको आवश्यकता हुन्छ र यसैलाई ध्यानमा राखी यस योजना तयार गरिएको छ ।

## ३.४ योजना तर्जुमाको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य गण्डकी गाउँपालिका भित्र रहेका विद्यालयहरुको हालको अवस्था अध्ययन गरी समग्र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि एकीकृत विद्यालय सुधार प्रतिवेदन तयार गर्नु रहेको छ । यस उद्देश्य प्राप्तिको लागि निम्न अनुसारका गतिविधि सम्पन्न गरिएको छ ।

- ➢ गाउँपालिका भित्र रहेका विद्यालयहरुको स्थलगत अवलोकन, तथ्यांक संकलन तथा सरोकारवालाहरुसँग छलफल गरिएको ।
- ➢ गाउँपालिकाका जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, गाउँपालिकाका कर्मचारी तथा समाजका अगुवाहरुसँग छलफल तथा अन्तर्कृया गरिएको ।
- ➢ संकलित तथ्यांक तथा अन्तर्कृयाका सुझावहरु समेटी एकीकृत विद्यालय सुधार प्रतिवेदन तयार गरिएको ।

एकीकृत विद्यालय शिक्षा क्षेत्र सुधार योजनाले निम्नलिखित प्रतिबद्धता पूरा गर्ने लक्ष्य लिएको छः

१. नेपालको संविधानले प्रत्याभूत गरेअनुसार आधारभूततहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने सुनिश्चितता गर्ने ।
२. राष्ट्रिय शिक्षा नीतिले निर्दिष्ट गरेका नीतिको कार्यान्वयन गर्ने ।
३. सन् २०३० सम्ममा समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेका दिगो विकास लक्ष्य ४ हासिल गर्ने ।
४. गण्डकी गाउँपालिका भित्रका विद्यालयहरुको पठन पाठनमा सुधार गरी समग्र शिक्षा क्षेत्रको सुधारका लागि कार्यान्वयन योग्य योजना तर्जुमा गर्ने ।

## ३.५ योजना तर्जुमा **विधि**

यस योजना तयारीको लागि गाउँपालिका भित्र रहेका विद्यालयहरुको स्थलगत भ्रमण गरी विद्यालयहरुको भौतिक अवस्था, विद्यार्थी संख्या, विद्यार्थीहरुलाई विद्यालय पुग्न लाग्ने औसत समय, शिक्षक तथा अन्य कर्मचारी संख्या आदिको तथ्यांक संकलन गरिएको छ ।

यसका अतिरिक्त गाउँपालिका तथा वडाका जनप्रतिनिधि, गाउँपालिकाका कर्मचारीहरु, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, अभिभावकहरु र नागरिक समाजका प्रतिनिधिहरुसँग छलफल तथा अन्तर्कृया गरी उनीहरुको सुझाव योजनामा समेटिएको छ ।

योजनाको मस्यौदा तयार भएपछि गाउँपालिकामा सम्वन्धित क्षेत्रका सरोकारबालाको उपस्थितिमा प्रस्तुतीकरण गरी उहाँहरुबाट प्राप्त कार्यान्वयनयोग्य सुझावहरुलाई पनि समेटिएको छ ।

# परिच्छेद ४

# गाउँपालिका भित्रका विद्यालयहरुको वर्तमान अवस्था

## ४.१ पृष्ठभूमि

यस परिच्छेदमा गाउँपालिकामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, शिक्षण सिकाइ प्रक्रियामा विद्यालयले भोग्नु परेका समस्याहरु, विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या घट्नुका कारणहरु आदि उल्लेख गरिएको छ । यी समस्याहरु गाउँपालिकाका विद्यालयहरु तथा वडा कार्यालयहरुमा शिक्षक, अभिभावक, राजनीतिक दलका प्रतिनिधि तथा नागरिक समाजका अगुवाहरु लगायतका सरोकारवालाहरुसँग गरिएको छलफल तथा अन्तर्कृयालाई संस्लेशण गरी प्रस्तुत गरिएको हो ।

## ४.२ विद्यालयहरुको भौतिक अवस्था

गाउँपालिकामा भएका कुल ४० विद्यालय मध्ये रत्नेश्वर माध्यमिक विद्यालय, चण्डी आधारभूत विद्यालय, तथा शिद्ध आधारभूत विद्यालयमा पक्की भवन छैनन् । यी मध्ये रत्नेश्वर मा.वि. बूढीगण्डकी आयोजनाका कारण डुवान क्षेत्रमा पर्ने हुँदा यस विद्यालयको भवन लगायत अन्य भौतिक संरचना निर्माण कार्य अगाडि नबढाइएको तर हालसम्म बूढीगण्डकी आयोजना अगाडि नबढेकाका कारण यस विद्यालयमा पठनपाठनमा अफ्ठ्यारो भोग्नु परेको अवस्था छ। अन्य विद्यालयका भने पक्की भवनहरु रहेका छन् ।

गाउँपालिका भित्रका भद्रकाली मा.वि. बटुकी आ.वि., भैरवाश्रम मा.वि. भवानी आ.वि. विजय भवानी मा.वि. का विद्यालय परिसरमा कम्पाउण्ड पर्खाल भए पनि मर्मत सम्भारको आवश्यकता रहेको छ भने अन्य विद्यालयहरुमा विद्यालय परिसरमा पूर्ण तथा आंशिक रुपमा कम्पाउण्ड पर्खाल तथा घेराबार नभएका कारण असुरक्षा बढेको देखिन्छ।

त्यस्तै, चालीस विद्यालय मध्ये माध्यमिक तहसम्म पढाई हुने विजयभवानी मा.वि., भगवती मा.वि., रत्नेश्वर मा.वि., ज्ञानमार्ग मा.वि., भैरवाश्रम मा.वि. तथा दीर्घेश्वर मा.वि. आदिमा पुस्तकालय रहेको छ तर पुस्तकहरु पर्याप्त छैनन् । सूर्योदय मा.वि. तथा तोमानडाँडा मा.वि. मा पुस्तकालय छैन् । माध्यमिक विद्यालयहरुमा

सूचना प्रविधि प्रयोगशाला तथा विज्ञान प्रयोगशाला भए पनि आवश्यक सामग्रीको अभाव छ। खानेपानी तथा शौचालय सबै विद्यालयहरुमा भएता पनि सुधारको आवश्यकता देखिन्छ। केही विद्यालयमा खानेपानीका लागि छुट्टै पानीका स्रोतहरु भए पनि केही विद्यालयले नजिकको वस्तीसँगको समन्वयमा खानेपानीको आवश्यकता पूरा गरेका छन् ।

अन्य भौतिक सुविधा भए पनि कुनै पनि विद्यालयमा अपांग विद्यार्थी स्रोत कक्षा भने छैन ।

२०७२ सालको भूकम्प पश्चात  विद्यालयका भवनहरु पुनःनिर्माण भएकाले विद्यालयका भौतिक पूर्वाधारहरु सन्तोषजनक मान्न सकिन्छ तर आवश्यक मर्मतसम्भारको भने आवश्यकता रहेको छ।

## ४.३ विद्यार्थी संख्या

पछिल्ला वर्षहरुमा गण्डकी गाउँपालिकाका प्रत्येक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गएका छन्। विद्यार्थी संख्या घट्नुका विभिन्न कारणहरु मध्ये प्रमूख कारणहरु निम्नानुसार रहेका छन् :

### ४.३.१ घट्दो जनसंख्या तथा घट्दो जन्मदर


गण्डकी गाउँपालिकाको कुल जनसंख्य पनि जनगणना २०६८ को तुलनामा २०७८ मा घटेको देखिन्छ। गाउँपालिकाका आठ वडाहरु मध्ये पाँच वडामा २०६८ को तुलनामा जनसंख्या घटेको देखिन्छ। परिणामस्रुप विद्यालयमा भर्ना हुने विद्यार्थी संख्या पनि घट्दै गएको हुन सक्छ।

***तालिका १४: जनगणना २०७८ र २०६८ अनुसार गण्डकी गाउँपालिकाको वडागत जनसंख्या***

| वडा | जनगणना २०७८ | | जनगणना २०६८ | | जनसंख्या तथा घरधुरीमा आएको परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | ९०७ | २३१९ | ५५२ | २३०७ | 355 | 12 |
| २ | ८०२ | ३१२६ | ८०२ | ३३६९ | 0 | -243 |
| ३ | ६०२ | १६१५ | ५५१ | २१९९ | 51 | -584 |
| ४ | ६०२ | १९९४ | ६०२ | २४९५ | 0 | -501 |
| ५ | ७६३ | २६७५ | ७६३ | ३३८६ | 0 | -711 |
| ६ | ६८५ | ३५७३ | ६८५ | ३५४५ | 0 | 28 |
| ७ | ५७१ | २८०३ | ५७१ | २६१५ | 0 | 188 |
| ८ | ७२७ | ३२८९ | ७२७ | ३३३७ | 0 | -48 |
| जम्मा | ५६५९ | २१३९४ | ५२५३ | २३२५३ | 406 | -1859 |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८, केन्द्रीय तथ्यांक विभाग, २०६८

रेखाचि ४ः गण्डकी गाउँपालिकाको २०६८ र २०७८ को जनगणना अनुसारका जनसंख्या




## ४.३.२ घट्दो जन्मदर

विभिन्न कारणले गर्दा नेपाली परिवारहरुमा पनि कम बच्चा जन्माउने अभ्यास तिव्र हुँदैछ। एक जोडिले एक वा दुई बच्चा जन्माउने प्रचलन व्यापक भएको छ। उर्वर प्रजनन उमेरमा युवाहरु रोजगारीको लागि विदेशिने गर्दा एकातर्फ कम बच्चा जन्मिएका छन् भने अर्कोतर्फ आधारभूत आवश्यकता जस्तैः शिक्षा, स्वास्थ्य खर्चिलो हुनु तथा अन्य आधारभूत वस्तुहरुमा पनि बढ्दो महंगीले बिबाहित मानिसहरुले कम बच्चा जन्माएका छन्। परिणामस्वरुप विद्यालय जाने बालबालिकाको संख्यामा कमीसँगै विद्यार्थी संख्या पनि घट्दै गएको छ।

## ४.३.३ बसाईसराई

पछिल्ला वर्षहरुमा गाउँबाट सहर तथा पहाडबाट तराईतर्फ बसाईसराई गर्ने क्रम तिव्र छ। परिढामस्वरुप गाउँघरका घरअरु रित्ता भएका छन्। त्यस्तै, बिबाहित युवाहरु रोजगारीको लागि विदेशिने र देशमा नै बस्ने श्रीमान वा श्रीमती बच्चा पढाउन भनी सहरी क्षेत्रमा बस्ने प्रवृत्तिले एकातर्फ गाउँका विद्यालयहरुमा विद्यार्थी

संख्या न्यून भएको छ भने अर्कोतर्फ सहरी क्षेत्रका विद्यालयहरुमा विद्यार्थी संख्या उच्च भएको छ। गण्डकी गाउँपालिकामा पनि यस्तै प्रवृत्ति रहेको छ । राष्ट्रिय तथ्यांक कार्यालयको सर्भेक्षण अनुसार गण्डकी गाउँपालिकाबाट कुल १५०४ जना विदेशिएका छन् । यिनमा १२०१ जना पुरुष र ३०३ जना महिला रहेका छन् ।

### ४.३.४ विलाशी जीवनशैली तथा निजी शैक्षिक संस्थाप्रतिको आकर्षण


सहज र आरामपुर्ण जीवनशैली मानिसको स्वभाव नै हो । पछिल्ला वर्षहरुमा मानिसको आय बढेसँगै धेरै घरपरिवारहरु गाउँबाट सहरतिर बसाई सरेका छन् । यसले गर्दा गाउँका जग्गा जमीन बाँझो हुँदै गएका छन् भने गाउँका विद्यालयमा पढ्ने विद्यार्थीको संख्यामा कमी आएको छ। त्यस्तै, सामाजिक मनोविज्ञानका कारण पनि गाउँका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दो छ।

त्यसोत, गण्डकी गाउँपालिकामा संस्थागत विद्यालयहरु छैनन् । तर पनि अभिभावकहरु गुणस्तरीय शिक्षाको नाममा आफ्ना बालबालिका निजी विद्यालयमा पढाउन आकर्षित छन् । सामुदायिक विद्यालयप्रति उनीहरुको विश्वास कायम हुन नसकेको देखिन्छ।


## ४.४ सामाजिक तथा आर्थिक अवस्था

कुनै पनि योजना तयार गर्दा योजनाले समेट्ने क्षेत्रमा बसोबास गर्ने जातजाति, उनीहरुको संस्कृति तथा आर्थिक अवस्थाले फरक पार्ने हुँदा त्यसै अनुसार योजना बनाइनु पर्दछ। गण्डकी गाउँपालिकामा कुल १८ जातजातिको बसोबास रहेको छ भने कुल जनसंख्याको एक प्रतिशत भन्दा बढी जनसंख्या हुने जातजाति ११ रहेका छन् ।

गाउँपालिकाको जनसांख्यिक संरचना अनुसार मगर (१८.८८ प्रतिशत), चेपाङ (१६.९४ प्रतिशत), ब्राम्हण ( १५.६१ प्रतिशत), नेवार (१२.२७ प्रतिशत), गुरुङ (१२.२७ प्रतिशत) र अन्य जातजाति रहेका छन् । विद्यालयमा अध्ययनरत विद्यार्थी भने चेपाङ, दलित तथा अन्य जनजातिको बाहुल्यता रहेको छ।




गण्डकी गाउँपालिकामा गरिबीको स्तर सघन रहेको देखिन्छ। गाउँपालिकाका कुल ५६५९ मध्ये १५.१ प्रतिशत घरपविार अत्यन्त गरीब, २६.५ प्रतिशत गरीब रहेका छन् । यस आधारमा यी ४० प्रतिशत भन्दा बढी गरीब घरपरिवारका बालबालिका यहाँका विद्यालयहरुमा अध्ययनरत छन् ।





## ४.५ दलित छात्रवृत्ति

गाउँपालिकाका विभिन्न विद्यालयमा गरी कुल ९०८ दलित विद्यार्थीले छात्रवृत्ति पाएका छन् । यी मध्ये ४७१ जना छात्रा र ४३७ जना छात्र रहेका छन् । यस्ता छात्रवृत्तिले दलित विद्यार्थीहरुलाई विद्यालय शिक्षा प्रति आकर्षण बढाएको देखिन्छ ।

## ४.६ स्रोत विद्यालयको आवश्यकता

गण्डकी गाउँपालिकामा कुल ६०२ जना विभिन्न किसिमका अपांगता भएका विद्यार्थी छन् । यी मध्ये शारीरिक अपांगता भएका व्यक्तिहरु १९६ जना, अन्धोपन, काननसुन्ने, कमजोर दृष्टि, सुन्न र देख्न नसक्ने तथा बहुअपांगता भएका बालबालिकाहरु पनि छन् । तर गाउँपालिकामा अपांगता भएका विद्यार्थीहरुलाई लक्षित स्रोत विद्यालय छैन । भौगोलिक रुपमा सहज हुने ठाउँमा स्रोत विद्यालयको आवश्यकता रहेको छ ।

रोखचित्र ७: अपांगता भएका जनसंख्या




## ४.७ शिक्षाको आवश्यकता र महत्वबारे अभिभावकको कम चासो

ग्रामीण क्षेत्रका अधिकांश अभिभावकमा शिक्षाको आवश्यकता र महत्वबारे चासो कम रहेको पाइयो । त्यसोत सम्पन्न र मध्यम वर्गका घरपरिवारका बालबालिका शिक्षाको लागि सहरी क्षेत्रका विद्यालयहरुमा वा निजी विद्यालयमा जाने भएकाले गण्डकी गाउँपालिकाका अधिकांश विद्यालयहरुमा चेपाङ, माझी, कुमाल, बराम, दलित तथा अन्य निम्न आर्थिक अवस्थाका जनजातिका बालबालिका मात्र अध्यननरत रहेको अवस्था छ । यस समस्याको समाधानको लागि अभिभावकहरुसँग नियमित अन्तर्कृया तथा छलफलको आवश्यकता देखिन्छ ।

## ४.८ विषयगत र तहगत शिक्षक नहुनु

अधिकांश विद्यालयहरुमा विषयगत तथा तहगत शिक्षक दरवन्दी नभएको अवस्था छ । प्राथमिक तथा निम्नमाध्यमिक (आधारभूत तह) कतहका शिक्षकहरुले माध्यमिक तहमा अध्यापन गराउन बाध्य छन् । त्यस्तै विषयगत शिक्षक दरवन्दी नहुँदा पनि विद्यालयहरुले समस्या भोगिरहेका छन् ।

यस्तो प्रवृत्तिले एकातर्फ शिक्षकहरुलाई कार्यबोझ बढेको छ भने अर्कोतर्फ सिकाइ गुणस्तर कायम हुन सकेको छैन् ।

### ४.९ अभिभावक शिक्षक अन्तर्कृयाको अभाव

छलफलमा सहभागी सबैजसो शिक्षकले अभिभावकमा सचेतना अभावको कारण सिकाइ गुणस्तर अभिवृद्धि गर्न नसकिएको बताएका थिए । छलफलमा सहभागी अभिभावक पनि दैनिक जीजनको कार्य व्यस्तता र ब्यबहारिक कठिनाइका बालबालिकाको शिक्षामा समय दिन नसकेको बताएका थिए । यसले छलफलमा सहभागी शिक्षकले भनेझैँ अभिभावक शिक्षाको आवश्यकता देखाउँछ । यसको लागि शिक्षकहरुले नै पहल गर्नुपर्ने हुन्छ ।

### ४.१० गाउँपालिकाबाट अनुगमन बढाउनु पर्ने

छलफलमा सहभागी अधिकांशले शिक्षा शाखाबाट अझ बढी अनुगमनको आवश्यकता औल्याएका थिए । यसबाट विद्यालयले प्रत्यक्ष गुनासो तथा समस्या सुनाउने अवसर प्राप्त हुने र शिक्षा शाखाको समन्वय र सल्लाहमा शैक्षिक सुधार गर्न सकिने राय उनीहरुको थियो ।

### ४.११ विद्यालय मसलन्द सञ्चालन बजेट अभाव

विद्यालय सञ्चालनको लागि मसलन्द लगायतका खर्चको लागि गाउँपालिकाले उपलब्ध गराउने बजेट वर्तमानको बजार मुल्य अनुसार कम भएको र यसले परीक्षा सञ्चालन लगायतको काम प्रभावकारी हुन नसकेको प्रधानाध्यापकहरु राय थियो ।

### ४.१२ बालबिबाहः एक समस्या

विद्यार्थी संख्या कम हुनु र विद्यालय छोड्ने दर उच्च हुनुमा समुदायमा बालबिबाहको प्रचलन विद्यमान हुनु एक कारण रहेको पाइयो । गाउँपालिकाका अधिकांश विद्यालयहरुमा चेपाङ विद्यार्थी बढी भएका जस्तैः विजय भवानी मा.वि. मा २३७ विद्यार्थी मध्ये ५६ प्रतिशत चेपाङ, तोमान डाँडा कुल २९१ विद्यार्थी मध्ये २२८

चेपाङ रहेका छन् । उनीहरु कम उमेरमा नै बिबाह गर्ने हुँदा विद्यालय छोड्ने गर्‍ेका पाइयो । यस समस्या समाधानको लागि नागरिक चेतना अभिवृद्धिका कार्यक्रमहरु आवश्यक देखियो ।

### ४.१३ प्रविधिको उपयोगमा देखिएको समस्या

विद्यालयहरुमा प्रविधिको उपयोग अनिवार्य जस्तै बन्दै गएको छ । विद्यालयहरुमा कम्प्युटर तथा स्मार्ट बोर्डहरुको उपयोग सुरु भएको छ । विद्यालयमा इन्टरनेट जडानको लागि गाउँपालिकाले बजेटको व्यवस्था गरेको छ । तर यस्ता प्रविधिको उपयोग गर्ने जनशक्तिको अभाव रहेको छ । दक्ष जनशक्तिको अभावमा यस्ता प्रविधिहरुको पूर्ण उपयोग हुन सकेको छैन् ।

त्यस्तै, कम्प्युटर लगायतका सामानहरु मर्मतको लागि छुट्टै बजेटको व्यवस्था हुँदा सामान्य समस्या आउँदा पनि यी सामानको उपयोग हुन सकेको छैन ।

### ४.१४ जनशक्ति अभावले विद्यालय वन्द हुने अवस्था

विद्यालयहरुमा शिक्षकहरु पर्याप्त छैनन् । कतिपय विद्यालयहरु जस्तैः भीमोदय, जनकल्याण, जलकन्या देवी, चिसापानी आधारभूत विद्यालय आदिमा एक जना मात्र शिक्षकले अध्यापन गराउँदै आएका छन् । विद्यालयको प्रशासनिक काम अथवा व्यक्तिगत कारणले शिक्षक उपस्थित हुन नसकेको अवस्थामा विद्यालय वन्द हुने अवस्था आउन सक्छ ।

त्यस्तै, महिला शिक्षकहरु सुत्केरी भएको खण्डमा लामो समयसम्म अध्यापन सुचारु हुन सक्दैन् । यस्तो अवस्थाको लागि विशेष व्यवस्था हुनु जरुरी छ ।

### ४.१५ बाँदर लगायत अन्य जंगली जनावर

बस्तीबाट विद्यालय सम्म पुग्ने बाटो जंगल भएर जानु पर्ने अवस्था र ती जंगलमा हुन सक्ने बँदर लगायतका जंगली जनावरको आक्रमण पनि बालबालिकालाई विद्यालय जान एक समस्याको रुपमा बढ्दै गएको छ । यस्ता समस्याको समाधान स्थानीय स्तरमा हुन कठीन छ ।

### ४.१६ बाल मैत्री शिक्षण अभ्यास

विद्यालय शान्ति क्षेत्र कार्यान्वयन अन्तर्गत गाउँपालिकाका सम्पुर्ण विद्यालयहरुमा विद्यालय सुधार योजना अद्यावधिक भएको, विद्यालय शान्ति क्षेत्र कार्यान्वयन भएको, बाल क्लब गठन भएको तथा बालमैत्री शिक्षण विधिको प्रयोग भएको अवस्था छ र तर कुनै विद्यालयहरुमा अपाङ्ग विद्यार्थी स्रोत कक्षा भने नभएको अवस्था छ (अनुसूची ४) ।

## ४.१७ नमूना अभ्यास

विद्यालयहरुले प्रभावकारी शिक्षण र विद्यार्थी टिकाउनका लागि अनुकरणीय अभ्यासहरु पनि गरेका छन् । ती मध्ये विजय भवानी मा.वि. मकैसिङको अभ्यास अनुकरणीय रहेको छ । छात्रा १२० र छात्र ११० गरी कुल २३० विद्यार्थी अध्ययनरत यस विद्यालयमा ५६ प्रतिशत विद्यार्थी चेपाङ समुदायका र २७ प्रतिशत दलित समुदायका विद्यार्थी रहेका छन् । विद्यालयले ३४ जना विद्यार्थीलाई छात्रवासमा राखी पढाएको छ भने 'पढ्दै, सिक्दै, कमाउँदै' कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । विद्यालयले ७ रोपनी जग्गा लिजमा लिएर तरकारी खेती गर्दै आएको छ भने बंगुर, खसी तथा पाडा पालन पनि गरेको छ । यसले विद्यार्थीहरुमा ब्यबहारिक शिक्षाका साथै उत्पादन व्यवसाय तर्फ लाग्न प्रेरित गर्दछ भने विद्यालयको आन्तरिक स्रोतमा पनि भरथेग गरेको छ ।

तोमान डाँडा मा.वि. भुम्लिचोकमा अध्ययनरत कुल २९१ विद्यार्थी मध्ये २२८ विद्यार्थी चेपाङ समुदायका रहेका छन् । यस विद्यालयमा ४१ जना चेपाङ समुदायका विद्यार्थी छात्रवासमा रहेर अध्ययन गरी रहेका छन् । यसले आर्थिक सामाजिक रुपमा पछाडि परेको चेपाङ समुदायको उत्थानमा सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

# परिच्छेद ५
# एकीकृत विद्यालय सुधार योजना

## ५.१ पृष्ठभूमि

शिक्षा समग्र विकासको आधार हो । शिक्षित समाजको माध्यमबाट नै मुलुकको दिगो शान्ति र समृद्धि तथा सामाजिक आर्थिक रुपान्तरणको महत्वपूर्ण माध्यम हुन सक्छ । नेपालको संविधानले शिक्षा सम्वन्धी हकलाई मौलिक हरुको रुपमा प्रत्याभूत गरेको छ । संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने तथा राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । शिक्षालाई संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्वको रुपमा उल्लेख गरिएको छ । गण्डकी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र वस्तुस्थिति बारे यस अघिका परिच्छेदहरुमा उल्लेख गरिसकिएको छ । यस परिच्छेदमा विद्यालय शिक्षा गुणस्तर अभिवृद्धिका लागि सोच, लक्ष्य, रणनीति तथा कार्यनीति प्रस्तुत गरिएको छ ।

## ५.२ समस्या तथा चुनौती

समग्रमा सामुदायिक विद्यालयहरुका समस्या साझा किसिमका हुने भए पनि समुदाय, भूगोल, त्यस ठाउँको सामाजिक आर्थिक अवस्था आदिले समस्या र चुनौतीहरु फरक प्रकृतिका हुन सक्छन् । गण्डकी गाउँपालिकाका सन्दर्भमा निम्नानुसारका चुनौतीहरु रहेका छन् ।

### (क) समस्याहरु

- विद्यालयहरुको वैज्ञानिक नक्शांकन हुन नसक्नु ।
- शैक्षिक संस्थाहरुको विकास भौगोलिकरुपमा सन्तुलित नहुनु ।
- स्थानीय विशिष्टताको आधारमा शैक्षिक कार्यक्रमहरु सञ्चालन हुन नसक्नु ।
- उद्यमशील जनशक्तिको विकास अपेक्षाकृत हुन नसक्नु ।
- विषयगत शिक्षकहरुको अभाव हुनु ।
- तहगत शिक्षकहरुको अभाव हुनु ।

- शिक्षकहरुमा सिकाइ सामग्री निर्माणको दक्षता अभाव हुनु ।
- शिक्षकहरुमा कम्प्युटर सञ्चालन, स्मार्ट बोर्ड प्रयोग लगायतका प्राविधिक दक्षता नहुनु ।
- स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री विकास नहुनु ।
- शिक्षकहरुलाई विद्यार्थीको सिकाइ तथा उपलब्धिप्रति उत्तरदायी बनाउन नसक्नु ।
- शिक्षकहरुको पेसागत क्षमता विकास र पेसागत सहयोग प्रणाली स्थापना हुन नसक्नु ।
- विद्यालयहरुको निरन्तर अनुगमन हुन नसक्नु ।
- अभिभावकको शिक्षाप्रतिको बुझाई कमजोर हुनु ।
- सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण बढाउन नसक्नु ।
- शिक्षक-अभिभावक बीच अन्तर्कृया कमजोर हुनु ।
- जीवनपर्यन्त सिकाइ क्रियाकलाप कम हुनु ।
- बसाइसराई तथा घट्दो जन्मदरका कारण विद्यार्थी संख्यामा उल्लेख्य कमी आउनु ।

## चुनौतीहरु

- विद्यार्थी तथा अभिभावकलाई शिक्षाको महत्व र औचित्य बुझाउनु ।
- समुदायलाई संविधान प्रदत्त शिक्षासम्बन्धी हकहरू बारे सुसूचित गर्ने ।
- विद्यालयमा विद्यार्थी टिकाउ दरलाई वृद्धि गर्ने ।
- विद्यार्थीको पढाई छाड्ने  संख्या घटाउने ।
- शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्नु ।
- शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउनु ।
- सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउन ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुर्‍याउनु ।
- शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्नु ।
- शैक्षिक संस्थाहरुको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य ।
- गुणस्तरीय शिक्षाका लागि आवश्यक पूर्वाधारका लागि दिगो स्रोतको सूनिश्चितता गर्नु ।
- शैक्षिक प्रशासनलाई प्रभावकारी बनाउनु ।

- गाउँपालिका क्षेत्रमा बालबालिकालाई गाउँपालिका अन्तर्गतकै विद्यालयमा पढ्ने वातावरण मिलाई विद्यार्थी संख्या बढाउनु,
- शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्नु,
- सिकाइ सामग्री विकासको क्षमता अभिवृद्धि गर्नु,
- निरन्तर विद्यालय अनुगमन गर्ने प्रणाली विकास गर्नु ।
- कम विद्यार्थी संख्या भएका सबै विद्यालय ठूला विद्यालयमा समायोजनका साथै बालबालिकाको शिक्षामा सहज पहुँच स्थापित गर्नु,
- शैक्षिक प्रशासन तथा निकायहरुमा वित्तिय सुशासन अभिवृद्धि गर्नु आदि ।

माथी उल्लिखित समस्या तथा चुनौतीहरुका अतिरिक्त विद्यालय अनुगमन तथा मुल्यांकन प्रभाबकारी हुन सकेको छैन । विद्यार्थी तथा शिक्षक नियमितता, नियमित मुल्याङ्कन प्रणाली, शैक्षिक गुणस्तरको मापदण्डमा अस्पष्टताका कारण शैक्षिक गुणस्तर कायम गर्न कठिनाइ भएको छ । प्राविधिक धार सञ्चालन भएका विद्यालयमा पूर्वाधार, शैक्षिक सामग्री र जनशक्तिको कमी रहेको छ । विद्यालय परिसरमा कम्पाउण्ड वाल तथा घेराबार नहुनाले विद्यालय परिसारमा कुकुर लागयत अन्य घरपालुवा जनावरको प्रवेशले विद्यालय परिसर फोहर हुनु तथा बालबालिकालाई सुरक्षा खतरा हुनु जस्ता समस्या पनि रहेका छन् ।

## ५.३ सम्भावना तथा अवसर

संवैधानिक रुपमा व्यवस्था भए बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकार व्यवहारिक रुपमा कार्यान्वयनमा आइसकेको छ । मातृभाषामा शिक्षा पाउने र आर्थिक तथा सामाजिक रुपमा नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने व्यवस्था रहेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यअन्तरगत गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने रहेको छ । गण्डकी गाउँपालिकाले माध्यमिक तहसम्मको शिक्षामा गुणस्तर सुधारलाई उच्च प्राथमिकता दिएको छ । गाउँपालिकाले गुणस्तर सुधारका लागि लागि पूर्वाधार निर्माण तथा विस्तार, जनशक्ति व्यवस्थापन र विद्युतीय सूचना प्रविधिको विस्तार तथा उपयोगलाई प्राथमिकता दिएको छ । महाभुकम्प पश्चात विद्यालय पूर्वाधारमा उल्लेखनीय सुधार भएको छ । केही विद्यालयहरुमा आवासीय पठनपाठन सुरु गरिएकाले आर्थिक रुपले विपन्न तथा विद्यालयबाट टाढाको दुरीका बालबालिकालाई सहज भएको छ । त्यस्तै, केही विद्यालयमा पढ्दै, सिक्दै, कमाउँदै कार्यक्रम सुरु भएकाले विद्यार्थीहरुले सैद्धान्तिक तथा ब्यबहारिक शिक्षाको अवसर पाएका छन् ।

भवन लगायतका शैक्षिक पूर्वाधारहरू राम्रो हुनु, अतिरिक्त क्रियाकलापहरुको योजना तथा कार्यान्वयन निरन्तर हुनु, चेपाङ, कुमाल, दलित, बाराम लगायतका समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्नादरमा वृद्धि हुनु, विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षा क्षेत्रका अवसर हुन् ।

## ५.४ समस्या र समाधान

विद्यालयहरुले भोग्नु परेका कतिपय समस्याहरु स्थानीय स्तरमा समाधान खोज्न सकिने छन् भने कतिपय समस्या समाधानको लागि राष्ट्रियस्तरमा नै पहल गर्नुपर्ने आवश्यकता छ। स्थानीय तहको काबु भन्दा बाहिरका समस्याहरु जस्तैः घट्दो जन्मदर, बढ्दो बसाइसराईले निम्त्याएको समस्या समाधानको लागि गाउँपालिका तहबाट गर्न सकिने उपायहरु कम हुन्छन् । त्यस्तै, दुर्बुङमा अवस्थित रत्नेश्वर मा.वि. को भौतिक पूर्वाधार निर्माण तत्कालै निर्णय गर्न सकिने अवस्था छैन् ।

अर्कोतर्फ, विद्यालयमा विद्यार्थी संख्या अभिभावकसँगको निरन्तर अन्र्कृया, अभिभावक शिक्षा कार्यक्रम सञ्चालन, शिक्षकहरुलाई प्राविधिकरुपमा दक्ष बनाउन तालिम कार्यक्रम सञ्चालन, पढ्दै, सिक्दै, कमाउँदै कार्यक्रको विस्तार, गाउँपालिकाबाट निरन्तर अनुगमन, सट्टा शिक्षकको व्यवस्थापन, स्थानीय आवश्यकता अनुसार अतिरिक्त शिक्षण कार्यक्रम, नतिजा सुधारको लागि नतिजामा आधारित शिक्षक प्रोत्साहन कार्यक्रम आदि मार्फत विद्यालय शिक्षाको गुणस्तर बढाउन सकिन्छ। समग्रमा गण्डकी गाउँपालिकाको विद्यालय सुधारका लागि निम्नानुसारको सोच, लक्ष्य, रणनीति। कार्यनीति तथा कार्यक्रमहरु राखिएको छ।

## ५.५ सोच

गुणस्तरीय शिक्षा शिक्षित जनताः गण्डकी गाउँपालिकाको आर्थिक समृद्धि तथा सामाजिक रुपान्तरण

## ५.६ लक्ष्य

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु ।

## ५.७ रणनीति तथा कार्यनीति

समग्र विद्यालय पद्धतिलाई समावेशी, बालमैत्री र गुणस्तरउन्मुख बनाउन विद्यालयमा पूर्वाधारसहितको सिकाइ, वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको उपयुक्त ढङ्गले विकास गर्नु आवश्यक छ । यसैगरी विद्यालयमा आधारित स्वास्थ्य, पोषण र स्वच्छ पानीको प्रबन्धसहित

सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आबद्ध गरी लैङ्गिक तथा अपाङ्गमैत्री हनुे गरी व्यवस्थित गर्ने कार्यलाई थप प्रभावकारी बनाउन जरुरी छ । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकाका लागि समावेशी वातावरण सिर्जना गर्दै आवश्यकताअनुसारको प्रबन्धसहितको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास गर्नु आवश्यक छ । आर्थिक, सामाजिक तथा भौगोलिकलगायत विभिन्न कारणले विद्यालय आउन र सहभागी हुन नसकेका बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न लक्षित रणनीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । प्रधानाध्यापकको नेततृव क्षमतामा सुधारसहित समग्र शैक्षिक प्रशासन तथा व्यवस्थापनमा सुधार गरी विद्यार्थीको सिकाइ र सक्षमताप्रति उत्तरदायी पद्धतिको विकास गर्नुपर्ने हन्छ । बुँदागतरुपमा रणनीति र कार्यनीतिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.५.१ रणनीतिहरु

- विद्यालयभन्दा बाहिर रहेका बालबालिकाको विवरण तयार गर्ने, तथ्याङ्क सङ्कलन गर्ने, कारणहरु पहिचान गर्ने, कारण र तथ्याङ्कको विश्लेषण गर्ने । प्रत्येक वर्ष तथ्यांक अद्यावधिक गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- सम्भाव भएका ठाउँमा सुरुमा र बिस्तारै सबै विद्यालयमा विद्यार्थीको लागि सहज यातायात व्यवस्था लागु गर्ने ।
- गाउँपालिकामा स्तरमा विद्यालय सहायता कोष खडा गरी कोष परिचालन निर्देशिका तयार गरी लागू गर्ने ।
- अपांगता भएका विद्यार्थीको लागि विशेष शिक्षाको व्यवस्था गर्ने ।
- लक्षित वर्ग ( चेपाङ/कुमाल/बाराम/दलित/माझी) का बालबालिकालाई शिक्षा सहज र निःशुल्क बनाउने ।
- दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यामबाट निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरिनेछ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा श्रोत कक्षाको स्थापना गर्ने ।
- विशेष अपांगता भएका बालबालिका लाई श्रोत कक्षामा संप्रेषण गर्ने ।
- आवश्यकताको आधारमा अपांगमैत्री सामग्रीहरु सहयोग गर्ने ।

- श्रोत विद्यालयमा अध्ययन गर्ने बालबालिकाको स्वास्थ्य उपचार बिमा गर्ने ।
- आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने ।
- शिक्षकको क्षमता विकासका लागि तालिमको व्यवस्था गर्ने ।
- सकरात्मक अभिभाकत्व र अपांगमैत्री व्यवहार विषयमा अभिभावक र आयालाई तालिमको व्यवस्था गर्ने ।
- स्थानीय मातृभाषाको शब्द कोष तयार गर्ने ।
- सबै शिक्षकलाई स्थानीय बहु भाषिक तालिमको व्यवस्था गर्ने ।
- स्थानीय भाषा भाषिकालाई पहिचान गर्ने ।
- स्थानीय भाषामा पाठ्यक्रम र पाठ्य पुस्तक तयार गर्ने ।
- हरेक विद्यालयमा मातृभाषामा शिक्षणको व्यवस्था मिलाउने ।
- गाउँपालिकामा स्थानीय कला, भाषा लिपी र संस्कृति संग्रहालय स्थापना गर्ने ।
- विद्यालयहरूको प्रत्येक कक्षाकोठामा प्रत्येक शिक्षकका लागि तहगत पाठ्क्रम र विषयगत शिक्षक निर्देशिका उपलब्ध गराउने ।
- शिक्षकले पाठयोजना तयार गरी शिक्षण गर्ने र पाठअनुसारका स्थानीय शैक्षिक सामग्री निर्माण गरी नियमित प्रयोग र प्रर्दशन गर्ने ।
- गाउँपालिका अर्न्तगतका सबै विद्यालयका शिक्षक विद्यार्थीको तथ्यांक संकलन गर्ने र त्यसको विश्लेषण गर्ने । विद्यार्थी संख्याको आधारमा पाठ्पुस्तकको रकम माँगगर्ने ।
- विद्यालयका प्रत्येक कक्षाकोठामा पुस्तक कुनाको लागि र्‍याक निमार्ण गर्ने ।
- कक्षागत अतिरीक्त र सर्न्दभ तथा बाल उपयोगी पुस्तक खरिद गर्ने ।
- विद्यार्थी संख्या र दुरीका आधारमा विद्यालय समायोजन गर्ने ।
- शिक्षकले पाठयोजनामा शिक्षण सिकाई क्रियाकलाप तयार गर्दा बालबालिकाको सक्रिय सहभागितालाई सुनिश्चित गर्ने ।
- हरेक विद्यालयमा बाल गित, बाल कथा र बालखेल सम्बन्धी श्रब्य दृश्य सामग्री निर्माण र खरिद गरी कक्षाकोठामा सिकाई क्रियाकलाप सञ्चालन गर्ने ।

- बालबालिकाको नियमित रुपमा विद्यालयले आँखा, कान र दाँतको परीक्षण गर्ने र समग्र स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य केन्द्रसम्म समन्वय गरिनेछ ।
- विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण समिति गठन गर्ने ।
- सबै बालबालिकाले जुकाका औषधी खाएको सुनिश्चित गर्ने ।
- खेल कुद र शारिरीक व्यायाम हुने क्रियाकलाप सञ्चालन गर्ने ।
- विद्यालयको जोखिमलाई विश्लेषण गर्ने ।
- विपद व्यवस्थापन योजना तयार गरी विद्यालय सुधार योजना , विद्यालयको बार्षिक योजना र गाउँ शिक्षा योजनामा समावेश गर्ने ।
- उत्प्रेणा जगाउने तरीकाहरु जस्तै :हौसला, प्रशंसा र पुरस्कार, पृष्ठपोषण सबलीकरण आदि दैनिक शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्ने ।
- उत्कृष्ठ शिक्षक,अभिभावक, विद्यार्थी र नमुना विद्यालयका मापदण्ड तयार गर्ने ।
- विद्यालय स्तरमा शिक्षक, अभिभावक र विद्यार्थी र वडा स्तरमा विद्यालयलाई पुस्कृत गर्ने
- हरेक शिक्षकले अर्न्तक्रियात्मक शिक्षणलाई सुनिश्चित गर्ने ।
- बाल प्रतिभा प्रष्फूटन हुने क्रियाकलाप सञ्चालन गर्ने ।
- विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने ।
- वडा स्तरीय खेकुद सञ्चालन गर्ने ।
- विद्यालय हातामा रहेका जोखिमपूर्ण खाल्डा, भिर, समाउने रेलिङ बिनाका भर्याङ,गेट, छत, काँडेतार आदिलाई जोखिम रहित बनाउने ।
- गाउँपालिकाको नमुना शिक्षक छनौट गरी सम्मान गर्ने र नमुना विद्यालयलाई गाउँपालिका मार्फत बार्षिक अनुदान दिने ।
- नमुना छनौट भएका विद्यालयमा बालबालिकाको स्वास्थ्य जाँचका लागि हरेक विद्यालयमा १ जना स्वास्थ्य प्राविधिक कर्मचारीको व्यवस्था गर्ने ।
- नमुना छनौट भएका विद्यालयमा स्कूल क्लिनिक स्थापना गर्ने ।
- पाठ्यक्रममा विपद व्यवस्थापनका विषयहरु राख्ने ।
- उत्कृष्ठ शिक्षक र नमुना विद्यालयलाई गाउँपालिकाले थप सुविधा प्रदान गर्ने ।

- शिक्षक , विद्यार्थी, अभिभावक र राजनितीक दललाई विद्यालय शान्ति क्षेत्रको बारेमा अभिमुखिकरण गर्ने ।
- विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रको स्थापना गर्ने ।
- दैनिक व्यवहार र परियोजना कार्य तथा अवलोकनबाट व्यवहारिक, जनमूखी ज्ञान दिने । यसबारेमा शिक्षकहरूबिच पनि अभीमूखिकरण, छलफल, सम्वाद र अन्तरक्रिया गरिनेछ ।

### ५.५.२ कार्यनीतिहरु

- विद्यालयको सर्वेक्षण र नक्सांकन गर्ने गरिनेछ ।
- शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्नाका लागि घर दैलो अभियान सञ्चालन गर्ने गरिनेछ ।
- विद्यालयमा भर्ना हुन आउने विद्यार्थीका अभिभावकसँग निरन्तर अन्तर्कृया गरिनेछ ।
- सक्षम शिक्षक, उत्कृष्ट शिक्षण भन्ने अवधारणाका साथ विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयको शैक्षिक क्यालेन्डर र वार्षिक कार्ययोजना तयार गरी विद्यालय सुधार योजनामा समावेश गरिनेछ ।
- हरेक विद्यालयमा जाने सडकको स्तर उन्नति गरी विद्यालयले यातायातका साधनको व्यवस्था मिलाउ सहजीकरण गरिनेछ ।
- प्रत्येक विद्यालयमा यातायातका साधनको सुचारुका लागि कोषको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा पठनपाठनमा आधुनिक प्रविधिको प्रयोग गर्न सहयोग गरिनेछ ।
- शैक्षिक संस्थाहरुमा नियमित अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुलाई कक्षाकोठामा आधारित पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम तथा सन्दर्भ सामग्रीहरुको निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- नक्शांकनका आधारमा शैक्षिक संस्थाहरु गाभ्ने, तथा दुर्गम क्षेत्रहरुमा आवासीय विद्यालयहरु स्थापना गरिनेछ ।
- आवश्यकता पहिचान गरी आवसीय विद्यालय निर्माण गरी निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।
- सिकाईमा बाल सहभागिता अभिवृद्धि गर्दै विद्यालयलाई बालमैत्री संस्थाको रुपमा विकास गरिनेछ ।

- चेपाङ/कुमाल/बाराम/दलित विद्यार्थीलाई आयआर्जन तिर उन्मुख गरिनेछ ।
- चेपाङ/कुमाल/बाराम/दलित/माझी बालबालिकालाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने व्यवस्था मिलाइनेछ ।
- चेपाङ/कुमाल/बाराम/दलित/माझी बालबालिकाको उच्च शिक्षाका लागि केन्द्र सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- चेपाङ/कुमाल/बाराम/दलित विद्यार्थीलाई आयआर्जन तिर उन्मुख गरिनेछ ।
- चेपाङ/कुमाल/बाराम/दलित वा विपन्न समुदायले उत्पादन गरेका सामग्री, कला, संस्कृतिलाई गाउँपालिकाले बजारीकरण गर्नेछ ।
- बालबालिकालाई पढाइ मार्फत व्यवसायप्रति रुचि जगाउने कार्य गरिनेछ ।
- गाउँपालिकामा एउटा सिपमूलक र अल्पकालीन व्यवसायिक सिपमूलक केन्द्र स्थापना गरिनेछ ।
- समुदायमा भएको सिपलाई प्रयोग गरी बालबालिकाको पठनपाठन गरिनेछ ।
- १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई जीवन उपयोगी सिप विकास तालिमहरु प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन गरिनेछ ।
- आवश्यकतानुसार हरेक विद्यालयमा बालबालिकाको सिकाइ स्तरका आधारमा सुधारात्मक कक्षा सञ्चालन सूनिश्चित गरिनेछ ।
- अभिभावकबिहीन, अति विपन्न बिद्यार्थीलाई शैक्षिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- भौगोलिक कारणले अन्य विद्यालयमा समायोजन गर्न नसकिने न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुमा संघीय सरकारसँग समन्वय गरी बहुकक्षा, बहुस्तर शिक्षण पद्दति सञ्चालन गरिनेछ ।
- आधारभूत तहसम्म ब्यबहारोपयोगी पाठ्यक्रम अनिवार्य गरिनेछ ।
- माध्यमिक तहबाट प्राविधिक र व्यवसायिक शिक्षा दिने व्यवस्था सुरु गरिनेछ ।
- विद्यालयमा विद्यार्थी टीकाउ दरमा वृद्धिभएको सुनिश्चित गरीनेछ ।
- प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरुलाई विशेष अनुदानको व्यवस्था गरी अन्य विद्यालयलाई पनि प्राविधिक शिक्षा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

- विद्यालयहरुमा सीप शिक्षा अभियानका रुपमा अगाडि बढाउन संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- सिकाइ आदान प्रदानका लागि वर्षको १ पटक प्रत्येक वडामा शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गरिनेछ ।
- स्थानीय स्रोत साधनको प्रयोग गरी शैक्षिक सामग्रीको निर्माण गर्न शिक्षकलाई तालिम, सेमिनार गोष्ठिको आयोजना गरिनेछ ।
- सुचना प्रविधीयुक्त कक्षाकोठा तयार सहजीकरण गरिनेछ ।
- नेपाल सरकारको नीति अनुरुप विद्यार्थी संख्याको आधारमा शिक्षकको दरबन्दी मिलान गर्न पहल गरिनेछ ।
- समयमै पाठ्पुस्तक खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
- पुरानो काम लाग्ने पाठ्पुस्तकलाई प्रयोगमा ल्याउने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।
- हरेक विद्यालयमा ४० जना छात्राका लागि एउटा र ६० जना छात्रका लागि एउटा शौचालयको निर्माण गरिनेछ ।
- साबुन पानीले हात धुने व्यवस्था भएका, सेनीटरी प्याड बिर्सजनको व्यवस्था भएका, प्रयाप्त पानी र आधुनिक केमिकल प्रयोग गरी सरसफाईको सुविधा भएका अपांगमैत्री तथा बालमैत्री शौचालयको निर्माण गरिनेछ ।
- प्रधानाध्यपक, लेखा कर्मचारी तथा सूचना व्यवस्थापन प्रणालीमा काम गर्ने शिक्षकहरुको क्षमता विकास गरिनेछ ।
- प्रधानाध्यापक तथा शिक्षकहरुको कार्यसम्पादनलाई विद्यार्थीको नतिजासँग आवद्ध गरी प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पहिचान गरिएको समुदायमा पढाइ शिविर तथा वैकल्पिक शिक्षा सञ्चालन गर्ने । यो कक्षा सञ्चालन गर्दा कक्षा १२ का अभ्यास शिक्षण गर्ने बालबालिकालाई स्वयसेवकको रुपमा परिचालन गरिने छ ।
- विद्यालयका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न चाहिने बजेट रकमका लागि वैकल्पिक र दिगो स्रोत पहिचान र परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयभन्दा बाहिर रहेका बालबालिकाका अभिभावकलाई परामर्श गरी बालबालिकालाई विद्यालय भर्ना अभियान चलाइनेछ ।

- हरेक शैक्षिक वर्ष शुरु हुनासाथ विद्यालयमा विद्यार्थीहरुलाई निःशुल्क पाठ्पुस्तक उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- फरक क्षमता भएका विद्यार्थीका लागि विशेष शिक्षाको व्यवस्था गर्ने ।
- अपाङ्गता भएका बालबालिकाको तथ्यांक संकलन गर्ने र त्यसको विश्लेषण गर्ने ।
- अपांगमैत्री विद्यालय भौतिक संरचनाको व्यवस्था गर्ने ।
- अपांगता र आर्थिक रुपले विपन्न बालबालिकाकालाई उच्च शिक्षा अध्यापनका लागि गाउँपालिकामा छुट्टै कोष खडा गर्ने ।
- अपांगता भएका बालबालिकाका लागि विद्यालयमै छात्रवासको व्यवस्था गर्ने ।
- अपांगता भएका सबै बालबालिकालाई परिचय पत्रको व्यवस्था गरिनेछ ।
- बहिरा बालबालिकाको अभिभावक र उक्त विद्यालयका शिक्षकलाई सांकेतिक भाषाको तालिम दिने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरुमार्फत सिपमूलक तालिम, अभिभावक शिक्षा, निरन्तर तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको शिक्षा शाखाबाट निरन्तर अनुगमनको व्यवस्था मिलाइनेछ ।
- शिक्षालाई वैज्ञानिक र व्यवहारिक बनाउन शिक्षकलाई सिपमूलक अभिमुखिकरण गरिनेछ ।
- गाउँपालिका स्तरीय गुणस्तरीय शिक्षा कार्यढाँचा तयार गरी नमुना विद्यालय छनौट तथा विकास गर्न प्रभावकारी अनूगमन संयन्त्र निर्माण गरि शिक्षामा गुणस्तरीयता सुनिश्चित गरिनेछ ।
- गाउँपालिका अन्गर्तगतका सबै विद्यालयमा गुणस्तरीय शिक्षाको सूनिश्चितताका लागि अनुगमन समिति बनाउने । गाउँपालिकाको सबै विद्यालयमा लागु हुने गरी राष्ट्रिय मानकका आधारमा गुणस्तरीय सिकाइ मानक निर्माण गरिनेछ ।
- विद्यालयमा गुणस्तर सुधारका लागि विद्यालयका शिक्षकहरूलाई जिम्मेवार बनाइनेछ । (अभिभावक सचेतीकरण, बालबालिकालाई अभिमूखीकरण, बालबालिकाको विद्यालयमा नियमितता)
- गुणस्तर सुधारका लागि सरोकारवालासँगको सम्वादकार्यलाई प्रोत्साहित गरिनेछ ।

- गुणस्तरीय सिकाइ तथा विषयगत सिकाइ उपलब्धीका आधारमा शिक्षकहरूलाई पुरस्कृत, सम्मान, पृष्ठपोषण र नसिहत गरिनेछ ।
- लामो समय सम्म शिक्षक विदा बस्नु पर्ने अवस्थामा (जस्तैः सुत्केरी विदा) अवकाश प्राप्त शिक्षकहरुबाट शिक्षणमा सहयोग लिने व्यवस्था मिलाइनेछ ।
- गुणस्तर सुधारका लागि सरोकारवालासँग सम्वादलाई प्रोत्साहित गरिनेछ ।
- विषय विशेषज्ञसँग सहकार्य गरी शिक्षकको विषयगत दक्षता वृद्धि गरिनेछ ।
- रेडियो, पत्रपत्रिका लगायत सञ्चार र प्रविधिको माध्यमबाट शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।
- पहिचान र आवश्यकताका आधारमा प्रत्येक विद्यालयमा मल्टि मिडिया, प्रोजेक्टर र ल्यापटप उपलब्ध गराइने छ साथै क्रमश शिक्षकहरूका लागि पनि यो कार्य विस्तार गरिनेछ ।
- शिक्षकले साप्ताहिक रुपमा, विद्यालयले मासिक रुपमा र गाउँपालिकाले त्रैमासिक रुपमा बालबालिकाको मूल्याङ्कन गर्ने व्यवस्था अबलम्वन गरिनेछ ।
- परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षणका लागि अन्तर विद्यालयको पद्धति अबलम्वन गरिनेछ ।
- शिक्षक विद्यार्थीको अनुपातका आधारमा कक्षा, तह तथा विद्यालय समायोजन गरी सबै विद्यालयहरु सुव्यवस्थित ढंगले सञ्चालन गरिनेछन् ।
- शिक्षक तथा विद्यालयलाइ पायक पर्ने स्थानमा समायोजन गर्ने ।
- बालविकास केन्द्रको व्यवस्थापन र सुदृढीकरण गरीनेछ ।
- प्रारम्भिक बालविकास पाठ्यक्रमको कार्यान्वयनलाई अनिवार्य गर्ने ।
- शिक्षा विभाग बाट प्रकासित बालविकास शिक्षा मापदण्डलाइ अनिवार्य गर्ने ।
- हरेक बालविकास कक्षाका लागि बाल तथा अपांगमैत्री कक्षाकोठा, खाने पानी र सरसफाइको सुविधा भएका शौचालय निर्माण गर्ने ।
- समुदायमा आधारित बालविकास कक्षालाई नजिकको विद्यालयमा गाभ्ने ।
- स्थानीय आवश्यकता अनुसारको बालविकास पाठ्यक्रम र मापदण्ड तयार गरिनेछ ।
- बालबालिकाको मनोवैज्ञानीक र संवेदनात्मक आवश्यकतालाइ ध्यानमा राखेर शिक्षण गर्न प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा खाजा, पानी, शौचालय र सरसाफाइको सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

- ➢ दण्डरहित पठनपाठन गर्ने ।
- ➢ कक्षाकोठामा रमाइलो वातावरण सृजना गर्ने ।
- ➢ बालबालिकासँग मित्रवत व्यवहार गर्ने ।
- ➢ उपचारात्मक शिक्षणको व्यवस्था गरिनेछ ।
- ➢ लैङ्गिक मैत्री तथा अपांगमैत्री बसाँइ व्यवस्थापन गर्ने ।
- ➢ विद्यालयमा त्रैमासिक रुपमा अभिभावक, शिक्षक र विद्यार्थी बिच अर्न्तक्रिया कार्यक्रम गरिनेछ ।

## ५.६ प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | *सहकार्य गर्ने निकाय* | | | | |
|---|---|---|---|---|---|---|
| | | *संघ* | *प्रदेश* | *गाउँपालिका* | *विद्यालय* | *गैसस* |
| १ | विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धि कार्यक्रम । | | √ | √ | √ | |
| २ | शैक्षिक जनशक्तिको क्षमता विकास कार्यक्रम । | | | √ | √ | |
| ३ | शैक्षिक सुशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम । | | | √ | √ | |
| ४ | नवप्रवेशी शिक्षकहरुको लागि सेवा प्रवेश तालिम र शिक्षक मेन्टोरिङ | | | √ | √ | √ |
| ५ | सिकाइ सामग्रीको रुपमा स्थानीय सामग्री प्रयोग सम्वन्धी तालिम कार्यक्रम । | | | √ | √ | √ |
| ६ | आवासीय विद्यालय सञ्चालन कार्यक्रम । | | | √ | √ | √ |
| ७ | प्रविधिमैत्री कक्षाकोठा निर्माण कार्यक्रम । | | | √ | √ | √ |
| ८ | एक माध्यमिक विद्यालय एक सूचना प्रविधि शिक्षक कार्यक्रम । | | | √ | √ | |
| ९ | पुस्तकालय स्थापना सहयोग कार्यक्रम । | | | √ | √ | √ |
| १० | माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशालामा आवश्यक सामग्रीहरु उपलब्ध गराउने कार्यक्रम । | √ | √ | √ | √ | √ |
| ११ | सूचना प्रविधि ल्याब निर्माण सहयोग कार्यक्रम । | | | √ | √ | √ |
| १२ | विद्यार्थीको नतिजाको आधारमा कार्यसम्पादन प्रोत्साहन कार्यक्रम । | | | √ | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | विद्यालयहरुको भौतिक पूर्वाधार मर्मतसम्भारको लागि आवश्यकता अनुसार बजेट व्यवस्थापन कार्यक्रम । | | | √ | √ | |
| १४ | पढ्दै, सिक्दै, कमाउँदै कार्यक्रम बिस्तार । | | | √ | √ | √ |
| १५ | प्रधानाध्यापक प्रोत्साहन कार्यक्रम । | | | √ | √ | |
| १६ | प्राविधिक विद्यार्थी छात्रवृत्ति कार्यक्रम । | | | √ | √ | |
| १७ | अति विपन्न बालबालिका शैक्षिक सहायता कार्यक्रम । | | | √ | √ | |
| १८ | चेपाङ/कुमाल/बराम/दलित बालबालिका शैक्षिक सहायता कार्यक्रम । | | | | √ | |
| १९ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम । | √ | √ | √ | √ | |
| २० | बृहत् शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम । | | | √ | √ | √ |
| २१ | विद्यालय समायोजन पश्चात् शैक्षिक पहुँचमा असमर्थ बालबालिका सहयोग कार्यक्रम । | | | √ | √ | |
| २२ | सुत्केरी सट्टा शिक्षक कार्यक्रम । | | | √ | √ | |
| २३ | शिक्षक क्षमता अभिवृद्धि कार्यक्रम । | | | | | |
| २४ | सहपाठी शिक्षक सिकाइ कार्यक्रम । | | | √ | √ | |
| २५ | शिक्षक डिजिटल लिटरेसी कार्यक्रम | | | √ | √ | √ |
| २६ | शिक्षकहरुको लागि इथिक्स सम्वन्धी तालिम | | √ | √ | √ | √ |
| २७ | अभिभावक शिक्षा/सचेतना कार्यक्रम । | | | √ | √ | |
| २८ | विद्यालय अनुगमन कार्यक्रम | | | √ | √ | |
| २९ | अवकास प्राप्त शिक्षकबाट आवधिक सट्टा शिक्षण कार्यक्रम | | | √ | √ | |
| ३० | भौतिक पूर्वाधार निर्माण अन्तर्गत कम्पाउण्ड तथा घेराबार निर्माण तथा मर्मत कार्यक्रम । | | | √ | √ | |
| ३१ | गाउँपालिका प्रतिनिधि र शिक्षकको समुदायसँग अन्तर्कृया कार्यक्रम । | | | √ | √ | |
| ३२ | सरोकारवालासँग अन्तर्कृया कार्यक्रम । | | | √ | √ | |
| ३३ | स्रोत विद्यालय सञ्चालन | √ | √ | √ | √ | |

## ५.७ अपेक्षित उपलब्धी

विद्यालय सुधार योजनाको मूल ध्येय शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय, राम्रो शिक्षण र राम्रो सिकाइको सुनिश्चितता प्रदान गर्नु हो । योजनाको कार्यान्वयनपश्चात विद्यालयहरुमा शिक्षणमा आधुनिक प्रविधिको प्रयोग तथा प्रभावकारी शिक्षकको कारण शिक्षाको गुणस्तर सुधार भएको हुनेछ । शिक्षकहरुको क्षमता अभिवृद्धि तथा शैक्षिक उन्नयनको अवसरले गर्दा गुणस्तरीय पठनपाठन हुनेछ ।

यस योजनाको कार्यान्वयनपश्चात शिक्षाको गुणस्तर सुधारका लागि निर्धारित मापदण्डअनसार पूर्वाधार विकास, सिकाइ वातावरणमा सुधार, सिकाइ सामग्री, बसाइ व्यवस्थापन, उपयुक्त कक्षाकोठा र व्यवस्थापन, तोकिएका सक्षमताअनसारको योग्यता र क्षमता भएका शिक्षकको व्यवस्था भएको हुनेछ र निम्नानुसारका उपलब्धि हासिल भएको हुनेछ ।

१. चार वर्ष उमेरका सबै बालबालिका गुणस्तरीय प्रारम्भिक बालशिक्षा तथा विकास पूरा गरी कक्षा १ का लागि तयार भएका हुने ।
२. शिक्षा, स्वास्थ्य, पोषण, पानी, सरसफाइ तथा बाल सुरक्षा सम्बन्धी एकीकृत सेवाको पहुँच वृद्धि भई प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको समग्र सूचकमा सधुार भएको हुने ।
३. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिका आधारभत तहको विद्यालयमा भर्ना भई उक्त तहको शिक्षाको पूर्ण चक्र पूरा गरेका हुने ।
४. माध्यमिक तहको भर्नादरमा वृद्धि हुने र भर्ना भएकामध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने अनुपातमा उल्लेख्य सधुार भएको हुने ।
५. सबै विद्यार्थीहरूले सम्बन्धित तहका लागि अपेक्षित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सधुार भएको हुने ।
६. विद्यार्थी भर्ना, कक्षा सहभागिता, सिकाइ उपलब्धिलगायत मुख्य शैक्षिक सूचकहरूमा लैङ्गिक, सामाजिक, आर्थिक अवस्था, अपाङ्गता, जातजाति, भाषिक पृष्ठभूमि तथा प्रादेशिक र क्षेत्रीय आधारमा रहेको असमानता घटेको हुने ।
७. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी गुणस्तरीय, सान्दर्भिक, श्रमबजार अनुकुल र आवश्यकतामा आधारित प्राविधिक शिक्षाको सुदृढीकरण भएको हुने ।
८. सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुने र अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरमा वृद्धि भएको हुने ।

९. हरेक विद्यार्थीका लागि आवश्यक व्यवहारकुशल सिप, सामाजिक तथा नागरिक सक्षमता, सूचना प्रविधि सिपसहितको सान्दर्भिक सिकाइ प्रदान गर्न सबै विद्यालय सक्षम भएको हुने ।

१०.सबै विद्यालयमा आवश्यक संख्यामा योग्य, तालिम प्राप्त, सक्षम, अभिप्रेरित तथा पेसाप्रति प्रतिबद्ध र कार्यसम्पादनप्रति जवाफदेही शिक्षकको व्यवस्था भएको हुने ।

११. विद्यालयका सबै बालबालिका सुरक्षित, रमाइलो तथा उत्प्रेरणात्मक वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी भई उनीहरूको स्वास्थ्य, पोषण, सिकाइ र सामाजिक तथा संवेगात्मक सिपमा उल्लेख्य रूपमा सुधार भएको हुने ।

१२. विद्यालयहरू सुधारिएको सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ गर्न सक्षम भएका हुने र शिक्षक विद्यार्थी दुवैले प्रविधिको प्रयोग गर्ने दरमा वृद्धि भएको हुने ।

१३. सुधारिएको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा पहुँचमार्फत शैक्षिक योजना, सुशासन तथा व्यवस्थापन र अनुगमन तथा मुल्याङ्कनका हिसाबले विद्यालय शिक्षा क्षेत्रको क्षमता अभिवद्धि भएको हुने ।

१४. महामारीलगायत आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि विद्यालयहरू सिकाइलाई निरन्तरता दिने सुनिश्चितता भएको तथा सबै विद्यार्थीहरूको शिक्षा प्राप्त हुने हकको प्रत्याभूति भएको हुने ।

१५. विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा विपद् उत्थानशील वातावरणसहितको पर्याप्त भौतिक पूर्वाधार भएको हुने ।

१६. छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुविधासहित सबै विद्यालयमा गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता भएको हुने ।

१७. प्रत्येक विद्यार्थीलाई आधारभूत सिकाइ अवस्था भएको विद्यालयमा अध्ययन गर्ने हक हुने ।

१८. विद्यालयहरूको कार्यसम्पादनमा उल्लेख्य सुधार भएको हुने ।

१९.सबै तहमा शैक्षिक सेवा प्रवाह गर्न उपयुक्त सङ्गठनात्मक संरचना तथा सक्षम जनशक्तिको सुनिश्चितताका साथ विद्यार्थीको सिकाइका लागि जबाफदेही प्रणाली स्थापित भएको हुने ।

२०. सबै तहको सरकारले वित्तीय व्यवस्थापनमा सुधार ल्याइ तुलनायोग्य हनेु गरी शिक्षाको लगानीमा वृद्धि गर्न सक्षम भएको हुने ।

*( विद्यालय सुधार योजनाका अपेक्षित उपलब्धीहरु प्रायः सबै विद्यालयका लागि केही समान हुने हुँदा यसमा उल्लेख गरिएका उपलब्धीहरु नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रकाशित विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ बाट लिइएको हो । )*

विद्यालय सुधार योजनाको प्रयोगबाट अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, विद्यार्थी, शिक्षकलगायतका सरोकारवालाहरूको सक्रिय सहभागिताको प्रवर्द्धन, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्न सहयोग पुग्दछ । विद्यालय समुदायको महत्वपूर्ण सम्पत्ति भएकाले समुदायको सहयोगबाट मात्र यसको अपेक्षित विकास सम्भव छ भन्ने व्यावहारिक सिद्धान्तलाई यस योजना अभ्यासले आत्मसात् गर्दछ ।

## *अनुसूची १: विद्यालय अनुसार विद्यार्थी तथा शिक्षक संख्या*

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | | शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | भलायडाँडा आधारभूत विद्यालय | ३८ | ४५ | ८३ | २ | ४ | ६ |
| २ | भीमोदय | ६ | १२ | १८ | ० | १ | १ |
| ३ | चण्डी आधारभूत विद्यालय | १० | १५ | २५ | २ | २ | ४ |
| ४ | दलभञ्ज्याङ | १४ | १७ | ३१ | १ | २ | ३ |
| ५ | जलकन्या देवी | ७ | ५ | १२ | ० | १ | १ |
| ६ | जनकल्याण | ६ | ७ | १३ | ० | १ | १ |
| ७ | जीवनज्योति | १२ | १५ | २७ | १ | २ | ३ |
| ८ | कालिका आ.वि. दर्बुङ | १८ | १७ | ३५ | २ | २ | ४ |
| ९ | महादेव आ.वि. | ११ | १० | २१ | ० | ३ | ३ |
| १० | नेत्रज्योति आ.वि. | १८ | ३३ | ५१ | २ | ३ | ५ |
| ११ | पशुपति प्रजा आ.वि. | १३ | २५ | ३८ | १ | २ | ३ |
| १२ | प्रजाज्योति आधारभूत विद्यालय | ३६ | ३५ | ७१ | ० | ५ | ५ |
| १३ | शक्ति आ.वि. | ८ | १७ | २५ | १ | ३ | ४ |
| १४ | शिलाभैरब आ.वि. | १५ | २१ | ३६ | १ | २ | ३ |
| १५ | श्री बालकी माध्यमिक विद्यालय | ११९ | १०२ | २२१ | ८ | ६ | १४ |
| १६ | श्री बटुकी आधारभूत विद्यालय | ५३ | ६१ | ११४ | ४ | ८ | १२ |
| १७ | श्री भद्रकाली माध्यमिक विद्यालय | ११६ | १०७ | २२३ | १२ | ७ | १९ |
| १८ | श्री भगवती माध्यमिक विद्यालय | ९८ | ९४ | १९२ | १४ | ४ | १८ |
| १९ | श्री भैरवाश्रम मा.वि. | ९७ | ९६ | १९३ | १४ | ४ | १८ |
| २० | श्री भवानी आधारभूत विद्यालय | ३४ | ४५ | ७९ | ६ | ३ | ९ |
| २१ | श्री विजयभवानी मा.वि. | १२० | ११० | २३० | १० | १० | २० |
| २२ | श्री चिसापानी आधारभूत विद्यालय | ३ | ५ | ८ | ० | १ | १ |
| २३ | श्री चित्रादेवी आधारभूत विद्यालय | ५० | ६४ | ११४ | १२ | १० | २२ |
| २४ | श्री दीर्घेश्वर मा.वि. | ८३ | ८६ | १६९ | ८ | ९ | १७ |
| २५ | श्री ज्ञानमार्ग मा.वि. | १५७ | १६७ | ३२४ | २१ | ८ | २९ |
| २६ | श्री जनजाग्रिती आधारभूत विद्यालय, बुङ्गार | ३३ | ३५ | ६८ | २ | ६ | ८ |
| २७ | श्री जनजाग्रिती आधारभूत विद्यालय, गोर्दी | ५२ | ४४ | ९६ | १ | ६ | ७ |
| २८ | श्री कालिका आधारभूत विद्यालय, फुजेल | २२ | २० | ४२ | २ | ४ | ६ |
| २९ | श्री पातालदेवी आधारभूत विद्यालय | ७१ | ६० | १३१ | ५ | ७ | १२ |
| ३० | श्री प्रजावस्ती आधारभूत विद्यालय | ६८ | ७२ | १४० | ५ | ६ | ११ |
| ३१ | श्री रत्नेश्वर मा.वि. | ७५ | ७९ | १५४ | ८ | ७ | १५ |
| ३२ | श्री शिव आधारभूत विद्यालय | ३७ | ३७ | ७४ | ३ | ५ | ८ |
| ३३ | श्री सूर्योदय मा.वि. | ६३ | ६७ | १३० | ९ | ६ | १५ |
| ३४ | श्री ताङलीचोक मा.वि. | ७९ | ५२ | १३१ | ९ | ८ | १७ |
| ३५ | श्री तोमनडाँडाँ मा.वि. | १७५ | १५० | ३२५ | ९ | ७ | १६ |
| ३६ | सिद्ध आ.वि. | २ | ९ | ११ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७ | स्थानेश्वर | ५ | ९ | १४ | ० | २ | २ |
| ३८ | थुम्का आधारभूत विद्यालय | ४३ | ३२ | ७५ | २ | ४ | ६ |
| ३९ | त्रीकला आधारभूत विद्यालय | १३ | १० | २३ | २ | २ | ४ |
| | जम्मा | १८९० | १८८७ | ३७७७ | १७९ | १७३ | ३५२ |

### *अनुसूची २: विद्यालयको तह र ठेगाना अनुसार विद्यालयको सूची*

| क्र.सं | विद्यालयको नाम | विद्यालयको ठेगाना | तह |
|---|---|---|---|
| १ | विजया भवानी मा.वि | गण्डकी-१ | माध्यमिक तह (कक्षा १२सम्म) |
| २ | प्रजावस्ती आ.वि | गण्डकी-१ | आभारभूत तह(कक्षा ८) |
| ३ | जनजागृति आ.वि, बुट्टार | गण्डकी-१ | आभारभूत तह(कक्षा ५) |
| ४ | जीवनज्योती आ.वि | गण्डकी-१ | आधारभूत तह (कक्षा५) |
| ५ | ताङ्लिचोक मा.वि | गण्डकी-२ | माध्यमिक तह (कक्षा १० सम्म) |
| ६ | जनजागृति आ.वि, गोर्दी | गण्डकी-२ | आधारभूत तह (कक्षा५) |
| ७ | पशुपति प्रजा आ.वि | गण्डकी-२ | आधारभूत तह (कक्षा ३) |
| ८ | जनकल्याण आ.वि | गण्डकी-२ | वालविकास(ECD) |
| ९ | भलाय डाँडा आ.वि | गण्डकी-२ | आधारभूत तह(कक्षा ५) |
| १० | जलकन्यादेवी आ.वि | गण्डकी-२ | आधारभूत तह (कक्षा ३) |
| ११ | महादेव आ.वि | गण्डकी-२ | आधारभूत तह(कक्षा ५) |
| १२ | दलभञ्ज्याङ आ.वि | गण्डकी-२ | आधारभूत तह(कक्षा ५) |
| १३ | भैरवाश्रम मा.वि | गण्डकी-३ | माध्यमिक तह (कक्षा १२ सम्म) |
| १४ | बटुकी आ.वि | गण्डकी-३ | आभारभूत तह(कक्षा ८) |
| १५ | दिर्घेश्वर मा.वि | गण्डकी-४ | माध्यमिक तह (कक्षा १० सम्म) |
| १६ | कालिका प्रा.वि | गण्डकी-४ | आधारभूत तह(कक्षा ५) |
| १७ | भगवती मा.वि | गण्डकी-५ | माध्यमिक तह (कक्षा १२ सम्म) |
| १८ | रत्नेश्वर मा.वि | गण्डकी-५ | माध्यमिक तह (कक्षा १२ सम्म) |
| १९ | स्थानेश्वरी आ.वि | गण्डकी-५ | आधारभूत तह (कक्षा ३) |
| २० | कालिका आ.वि | गण्डकी-५ | आधारभूत तह(कक्षा ५) |
| २१ | चण्डी आ.वि | गण्डकी-५ | आधारभूत तह(कक्षा ५) |
| २२ | भवानी आ.वि | गण्डकी-५ | आभारभूत तह(कक्षा ८) |
| २३ | जनचेतना आ.वि | गण्डकी-५ | वालविकास(ECD) |
| २४ | भद्रकाली मा.वि | गण्डकी-6 | माध्यमिक तह (कक्षा १२ सम्म) |
| २५ | तोमन डाँडा मा.वि | गण्डकी-6 | माध्यमिक तह (कक्षा १० सम्म) |
| २६ | वालकी आ.वि | गण्डकी-6 | माध्यमिक तह (कक्षा १० सम्म) |
| २७ | थुम्का आ.वि | गण्डकी-6 | आधारभूत तह(कक्षा ५) |
| २८ | चिसापानी आ.वि | गण्डकी-6 | आधारभूत तह (कक्षा ३) |
| २९ | शिलाभैरव आ.वि | गण्डकी-6 | आधारभूत तह(कक्षा ५) |
| ३० | ज्ञानमार्ग मा.वि | गण्डकी-७ | माध्यमिक तह (कक्षा १२ सम्म) |
| ३१ | प्रजाज्योती आ.वि | गण्डकी-७ | आधारभूत तह (कक्षा ३) |
| ३२ | शिव आ.वि | गण्डकी-७ | आभारभूत तह(कक्षा ८) |
| ३३ | त्रिकला आ.वि | गण्डकी-७ | आधारभूत तह(कक्षा ५) |
| ३४ | नेत्रज्योती आ.वि | गण्डकी-७ | आधारभूत तह(कक्षा ५) |

| | | | |
|---|---|---|---|
| ३५ | सूर्योदय मा.वि | गण्डकी-८ | माध्यमिक तह (कक्षा १० सम्म) |
| ३६ | पातलदेवी आ.वि | गण्डकी-८ | आभारभूत तह(कक्षा ८) |
| ३७ | शक्ति आ.वि | गण्डकी-८ | आधारभूत तह (कक्षा ३) |
| ३८ | सिद्ध आ.वि | गण्डकी-८ | आधारभूत तह (कक्षा ३) |
| ३९ | चित्रादेवी आ.वि | गण्डकी-८ | आभारभूत तह(कक्षा ८) |
| ४० | भिमोदय आ.वि | गण्डकी-८ | वालविकास(ECD) |

अनुसूची ३

## विद्यालयहरुमा भैतिक सुविधाको अवस्था

| क्रसं. | विद्यालयको नाम | भवन | | पुस्तकालय | शौचालय | खानेपानी | खेलमैदान (वर्ग कि.मि.) | कम्पाउण्ड |
|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | | | | | |
| १ | भलायडाँडा आ.वि | १ | १ | छैन | छ | छ | १६०० | छैन |
| २ | भीमोदय | १ | ३ | छैन | छ | छ | ८० | छैन |
| ३ | चण्डी आ. वि. | – | १ | छैन | छ | छ | २००० | छैन |
| ४ | दलभञ्ज्याङ | १ | १ | छैन | छ | छ | ३२० | छैन |
| ५ | जलकन्या देवी | १ | १ | छैन | छ | छ | १०० | छैन |
| ६ | जनकल्याण | १ | १ | छैन | छ | छ | १०० | छैन |
| ७ | जीवनज्योति | १ | २ | छैन | छ | छ | ४८०० | छैन |
| ८ | कालिका आ.वि. दर्बुङ | १ | १ | छैन | छ | छ | १२०० | छैन |
| ९ | महादेव आ.वि. | २ | ० | छैन | छ | छ | १००० | छैन |
| १० | नेत्रज्योति आ.वि. | १ | ० | छैन | छ | छ | १०० | छैन |
| ११ | पशुपति प्रजा आ.वि. | १ | ० | छैन | छ | छ | ४०० | छैन |
| १२ | प्रजाज्योति आ.वि. | १ | १ | छैन | छ | छ | १०० | छैन |
| १३ | शक्ति आ.वि. | १ | १ | छैन | छ | छ | २०० | छैन |
| १४ | शिलाभैरब आ.वि. | १ | ० | छैन | छ | छ | ९०० | छैन |
| १५ | श्री बालकी मा.वि. | १ | १ | छैन | छ | छ | छैन | छैन |
| १६ | श्री बटुकी आ.वि. | ४ | ० | छैन | छ | छ | ५६० | छ |
| १७ | श्री भद्रकाली मा.वि. | ४ | १ | छैन | छ | छ | ६४०० | छ |
| १८ | श्री भगवती मा.वि. | ५ | ० | छ | छ | छ | ८००० | छैन |
| १९ | श्री भैरवाश्रम मा.वि. | ४ | ० | छैन | छ | छ | ४०००० | छ (तारबार) |
| २० | श्री भवानी आ.वि. | २ | ३ | छैन | छ | छ | ८०० | छ (तारबार) |
| २१ | श्री विजयभवानी मा.वि. | २ | ४ | छ | छ | छ | १००० | (मर्मत आवश्यक) |
| २२ | श्री चिसापानी आ.वि. | १ | १ | छैन | छ | छ | २००० | छैन |
| २३ | श्री चित्रादेवी आ.वि. | १ | २ | छैन | छ | छ | २००० | छैन |
| २४ | श्री दीर्घेश्वर मा.वि. | ४ | १ | छ | छ | छ | ३२०० | छैन |
| २५ | श्री ज्ञानमार्ग मा.वि. | ५ | २ | छैन | छ | छ | १०४०० | छैन |
| २६ | श्री जनजाग्रिती आ.वि.बुट्टार | २ | १ | छैन | छ | छ | २०० | छैन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७ | श्री जनजाग्रिती आ.वि. गोर्दी | १ | २ | छैन | छ | छ | २०० | छैन |
| २८ | श्री कालिका आ.वि. फुजेल | १ | २ | छैन | छ | छ | ९०० | छैन |
| २९ | श्री पातालदेवी आ.वि. | २ | ३ | छैन | छ | छ | १०० | छैन |
| ३० | श्री प्रजावस्ती आ.वि. | १ | २ | छैन | छ | छ | ४००० | छैन |
| ३१ | श्री रत्नेश्वर मा.वि. | ० | ४ | छैन | छ | छ | ४००० | छैन |
| ३२ | श्री शिव आ.वि. | २ | १ | छैन | छ | छ | ९०० | छैन |
| ३३ | श्री सूर्योदय मा.वि. | १ | १ | छैन | छ | छ | ४००० | छैन |
| ३४ | श्री ताङलीचोक मा.वि. | ४ | २ | छैन | छ | छ | ६००० | छैन |
| ३५ | श्री तोमनडाँडाँ मा.वि. | ५ | ० | छैन | छ | छ | ३००० | छैन |
| ३६ | सिद्ध आ.वि. | ० | १ | छैन | छ | छ | ८०० | छैन |
| ३७ | स्थानेश्वर आ.वि. | १ | १ | छैन | छ | छ | ३०० | छैन |
| ३८ | थुम्का आ.वि. | १ | १ | छैन | छ | छ | १०० | छैन |
| ३९ | त्रीकला आ.वि. | २ | ० | छैन | छ | छ | १२०० | छैन |
| ४० | चक्रदेवी | १ | ० | छैन | छ | छ | ८० | छैन |

## अनुसूची ४

## बालमैत्री शिक्षा सम्वन्धी विवरण

| विद्यालयको नाम | विद्यालय शान्ति क्षेत्र कार्यान्वयन | विद्यालय सुधार योजना अद्यावधिक | बाल क्लब गठन | बालमैत्री शिक्षण विधिको प्रयोग | अपांग विद्यार्थी स्रोत कक्षा |
|---|---|---|---|---|---|
| भलायडाँडा आ.वि | भएको | भएको | भएको | भएको | नभएको |
| भीमोदय | भएको | भएको | भएको | भएको | नभएको |
| चण्डी आ. वि. | भएको | भएको | भएको | भएको | नभएको |
| दलभञ्ज्याङ | भएको | भएको | भएको | भएको | नभएको |
| जलकन्या देवी | भएको | भएको | भएको | भएको | नभएको |
| जनकल्याण | भएको | भएको | भएको | भएको | नभएको |
| जीवनज्योति | भएको | भएको | भएको | भएको | नभएको |
| कालिका आ.वि. दर्बुङ | भएको | भएको | भएको | भएको | नभएको |
| महादेव आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| नेत्रज्योति आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| पशुपति प्रजा आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| प्रजाज्योति आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| शक्ति आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| शिलाभैरब आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री बालकी मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री बटुकी आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री भद्रकाली मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री भगवती मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री भैरवाश्रम मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री भवानी आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री विजयभवानी मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री चिसापानी आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| श्री चित्रादेवी आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री दीर्घेश्वर मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री ज्ञानमार्ग मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री जनजाग्रिती आ.वि.बुट्टार | भएको | भएको | भएको | भएको | नभएको |
| श्री जनजाग्रिती आ.वि. गोर्दी | भएको | भएको | भएको | भएको | नभएको |
| श्री कालिका आ.वि. फुजेल | भएको | भएको | भएको | भएको | नभएको |
| श्री पातालदेवी आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री प्रजावस्ती आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री रत्नेश्वर मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री शिव आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री सूर्योदय मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री ताङलीचोक मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| श्री तोमनडाँडाँ मा.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| सिद्ध आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| स्थानेश्वर | भएको | भएको | भएको | भएको | नभएको |
| थुम्का आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| त्रीकला आ.वि. | भएको | भएको | भएको | भएको | नभएको |
| चक्रदेवी | भएको | भएको | भएको | भएको | नभएको |

# गण्डकी गाउँपालिका

भुम्लिचोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२